# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १०३ | काठमाडौं | शनिबार, १९ साउन २०८१ | Prabhab National Daily | Saturday, August 03, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com




**रातो मच्छिन्द्रनाथ** | बिहीबार लगनखेलबाट जावलाखेल पुऱ्याइएको रातो मच्छिन्द्रनाथको रथ । हरेक वर्ष रातो मच्छिन्द्रको रथलाई जावलाखेलको ललितमण्डपमा पुऱ्याएको चार दिनपछि भोटो देखाइन्छ ।
*तस्बिरः हरि परियार/रासस*

# कक्षा १२ मा ५३ प्रतिशत विद्यार्थी उत्तीर्ण

- दुई लाख तीन हजार ८४७ विद्यार्थीलाई सफलता
- एक लाख ८७ हजार २१ विद्यार्थी अनुत्तीर्ण
- ३.६१ देखि चार जिपिए ल्याउने विद्यार्थीको संख्या नौ हजार ५९१
- उच्च जिपिए ल्याउने कर्णाली प्रदेशमा सबैभन्दा कम २४ जना

**भक्तपुर (प्रस)–** कक्षा १२ को परीक्षामा करिब ५३ प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण भएका छन् । राष्ट्रिय परीक्षा बोर्ड सानोठिमीले शुक्रबार सार्वजनिक गरेको नतिजामा कूल परीक्षार्थीहरूमध्ये ५२.९१ प्रतिशत उत्तीर्ण भएका हुन् ।

बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले यस वर्ष कक्षा १२ मा ५२.९१ प्रतिशत विद्यार्थी ग्रेडेड अर्थात् उत्तीर्ण भएको बताए । यस वर्षको नतिजामा गत वर्षको तुलनामा तीन प्रतिशत बिन्दुले सुधार भएको उनले जानकारी दिए ।

बोर्डका अनुसार गत वैशाख १४ गतेदेखि सञ्चालन भई २६ गते सम्पन्न परीक्षामा नियमिततर्फ एक लाख ९३ हजार ९३३ छात्र र एक लाख ९६ हजार ९१४ छात्रा गरी कूल तीन लाख ९० हजार ८६८ परीक्षार्थी सहभागी थिए । त्यसमध्ये दुई लाख तीन हजार ८४७ विद्यार्थी उत्तीर्ण भएको बोर्डले जनाएको छ ।

परीक्षामा ३.६१ देखि चार जिपिए ल्याउने विद्यार्थीको संख्या नौ हजार ५९१ रहेको छ । जसमा बागमती प्रदेशबाट छ हजार ७५२ विद्यार्थी छन् । कर्णाली प्रदेशमा सबैभन्दा कम २४ जना विद्यार्थीले मात्रै उक्त जिपिए ल्याएका छन् ।

त्यसैगरी ४६ हजार आठ सय ९३ विद्यार्थीले ३.२१ देखि ३.६० सम्म जिपिए र ७८ हजार ७५ विद्यार्थीले २.८१ देखि ३.२० सम्म जिपिए ल्याएका छन् ।

परीक्षामा एक लाख ८७ हजार २१ जना अनुत्तीर्ण अर्थात् ४७.०९ प्रतिशत विद्यार्थीको नतिजामा ननग्रेडिङ आएको छ । बोर्डका अनुसार पाँच हजार ६३२ परीक्षार्थीले कुनै पनि विषयको परीक्षा दिएनन् भने १०२ विद्यार्थीको परीक्षा रद्द गरिएको छ । ग्रेड वृद्धितर्फ २०७८ र ०७९ का २८.२६ प्रतिशत तथा २०७६ र ०७७ का ६२.०५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको परीक्षा नियन्त्रक कृष्ण शर्माले जानकारी दिए ।

(क्रमशः पृष्ठ २ मा)

# ओली 'क्याबिनेट'मा थपिए तीन राज्यमन्त्री

- अरूणकुमार चौधरी, रुपा विक र पूर्णबहादुर तामाङ राज्यमन्त्रीमा नियुक्त
- परिणाम आउने गरी काम गर्न प्रधानमन्त्री ओलीको निर्देशन

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** मन्त्रीमण्डल असमावेशी भएको भन्दै आलोचना भएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले तीन जना राज्यमन्त्री थपेर समावेशी देखाउने प्रयास गरेका छन् । ओलीले शुक्रबार अरुणकुमार चौधरी, रूपा विक र पूर्णबहादुर तामाङलाई राज्यमन्त्री बनाएका हुन् ।

चौधरीलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री, विकलाई वन तथा वातावरण राज्यमन्त्री र तामाङलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्रीको जिम्मेवारी दिइएको छ। नवनियुक्त राज्यमन्त्रीहरूले शुक्रबार नै पद तथा गोपनीयताको शपथ लिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आयोजित समारोहमा प्रधानमन्त्री ओलीसमक्ष तीन राज्यमन्त्रीले शपथ लिएका हुन् ।

तीन राज्यमन्त्री थपिएसँगै मन्त्रिपरिषद्ले पूर्णता पाएको छ । प्रधानमन्त्री ओली नेतृत्वमा रहेको मौजुदा मन्त्रिपरिषद्मा यसअघि २२ मन्त्री नियुक्त भइसकेका छन् । अब मन्त्रिपरिषद्को संख्या २५ पुगेको छ । यसअघि थारु, दलितलगायत समुदायबाट शून्य सहभागिता रहेको मन्त्रीपरिषद्मा समावेशी देखाउनकै लागि भए पनि ओलीले उक्त समुदायबाट राज्यमन्त्री नियुक्त गरेका हुन् ।

## परिणाम आउने गरी काम गर्न निर्देशन

प्रधानमन्त्री ओलीले मन्त्री र राज्यमन्त्रीहरूबीच आपसी समन्वय बढाई परिणाम आउने गरी काम गर्न निर्देशन दिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा शुक्रबार नवनियुक्त तीन राज्यमन्त्रीको शपथ ग्रहणपछि बधाई तथा शुभकामना दिँदै प्रधानमन्त्री ओलीले राज्यमन्त्रीको मूख्य काम सम्बन्धित मन्त्रीहरूलाई सहयोग गर्ने भएकाले रचनात्मक भई आफ्नो कार्यक्षेत्रको सदुपयोग गर्न सुझाव दिए ।

(क्रमशः पृष्ठ २ मा)

## सुदूरपश्चिममा नयाँ मुख्यमन्त्रीका लागि आह्वान

**काठमाडौं (प्रस)–** सुदूरपश्चिम प्रदेशमा फेरि नयाँ मुख्यमन्त्री चुन्ने प्रक्रिया सुरु भएको छ । मुख्यमन्त्री दीर्घबहादुर सोडारीले शुक्रबार राजीनामा दिएसँगै नयाँ मुख्यमन्त्री चुन्न लागिएको हो ।

प्रदेश प्रमुख नजिर मियाँले सुदूरपश्चिम प्रदेश सरकारको मुख्यमन्त्री पदमा नियुक्तिका लागि दाबी पेस गर्न आह्वान गरेका छन् । उनले आइतबार साँझ ५ बजेभित्र दाबी पेस गर्न आह्वान गरेको प्रदेश प्रमुख कार्यालयका प्रवक्ता दीर्घराज भट्टद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

'माननीय मुख्यमन्त्री दीर्घबहादुर सोडारीले मिति २०८१/४/१८ गते नेपालको संविधानको धारा १६९ को उपधारा (१) को खण्ड (क) बमोजिम मुख्यमन्त्रीको पदबाट राजीनामा दिएकाले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम सुदूरपश्चिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्री पदमा नियुक्त गर्नका लागि यही साउन २० गते बेलुका ५बजे भित्र दाबी पेस गर्न आह्वान गरेको छ,' विज्ञप्तिमा भनिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

# विवादमा तीज गीत



नेपाली समाजमा पनि बढी नकारात्मकता बिकिरहेको छ, कलाकारिता क्षेत्रमा पनि यस्तो प्रवृत्ति घुसेको छ । सस्तो चर्चा बटुल्ने र छिटो पैसा कमाउने लोभमा केही व्यक्तिहरु लागि परेका छन् ।

■ **रीता थापामगर**
**अध्यक्ष, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान**



तीज गीतको विधान खल्बलिँदै गएको छ, यसको मूल मर्म भत्किसकेको छ । तीज पर्व मान्ने शैली पनि बदलियो, आधुनिकताको मारमा हाम्रो मौलिक संस्कृति परिरहेको छ ।

■ **हरिदेवी कोइराला**
**वरिष्ठ लोकगायिका**



**गण्डकी–** राष्ट्रिय लोकसञ्चारकर्मी नेपालले तीज गीतका नाममा सार्वजनिक केही गीत प्रसारण नगर्ने निर्णय गत आइतबार गऱ्यो । तीज पर्वलक्षित ती गीतले तीजको मौलिक परम्परामाथि प्रहार गरेको उसको ठहर छ । तीज पर्वकै छेकोमा सार्वजनिक भएको आफ्नो गीत आलोचित भएपछि गायिका शान्तिश्री परियारले बुधबार विज्ञप्तिमार्फत माफी मागिन् ।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानकी केन्द्रीय सदस्यसमेत रहेकी उनले आगामी दिनमा शब्द र संगीत छनोट गरेर गाउने जनाएकी छन् । विगत केही वर्षदेखि कतिपय तीज गीत विवादमा तानिँदै आएका छन् । यसबीचमा तीज गीतलाई लिएर राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानले गायकगायिकालाई प्रतिबन्ध लगाउनेसम्मको अवस्था सिर्जना भयो । यस वर्ष पनि दर्जनभन्दा बढी त्यस प्रकृतिका गीत विवादित बनेका छन् । तीजको नाम पारेर सार्वजनिक हुने त्यस्ता गीतले ऐतिहासिक पर्व गीतमाथि खलल पुऱ्याएकामा लोकसंगीतका मर्मत चिन्तित छन् । पछिल्लो समय तीज गीत आफ्नो मूल प्रवृत्तिबाट विमुख हुँदै गएको उनीहरूको बुझाइ छ ।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालकी अध्यक्ष रीता थापामगरले कलाकारितालाई धमिल्याएर क्षणिक लाभ लिने तत्त्वहरूले तीज गीतलाई पनि विकृत पारेको बताइन् । 'नेपाली समाजमा पनि बढी नकारात्मकता बिकिरहेको छ, कलाकारिता क्षेत्रमा पनि यस्तो प्रवृत्ति घुसेको छ,' उनले भनिन्, 'सस्तो चर्चा बटुल्ने र छिटो पैसा कमाउने लोभमा केही व्यक्तिहरू लागि परेका छन् ।' अध्यक्ष थापामगरले कहिल्यै नाम नसुनेका निर्देशकले तीज गीतका नाममा अश्लील र भड्किला गीत तथा दृश्य सामग्रीको निर्देशन गरिरहेको बताइन् ।

'मौलिक तीज गीतको मर्म पछ्याएर सिर्जना गरिरहनुभएका थुप्रै कलाकारहरू हुनुहुन्छ, अहिले पनि उहाँहरूका गीत सार्वजनिक भइरहेका छन्,' उनले भनिन्, 'तर ती गीतको खासै चर्चा छैन, युटचुबमा भ्युज पनि कम छ ।' लोक गीतसंगीतमा भित्रिएको विकृति रोक्न आफूहरूले पहल गरे पनि स्वयं सर्जक/कलाकारले स्वनियन्त्रण गर्न सकेमात्र मौलिकताको जर्गेना हुने उनको भनाइ छ । उनले उच्छृंखल गीत र तिनका चल दृश्यलाई समाजले पनि नकार्नुपर्ने अध्यक्ष थापा मगरले बताए ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

# ओली ‘क्याबिनेट’...

प्रधानमन्त्री ओलीले सम्बन्धित मन्त्रीहरूले पनि राज्यमन्त्रीलाई आवश्यक जिम्मेवारी दिने र परिणाम निकाल्ने विषयमा ध्यान दिन आग्रह गरे । अहिलेको विषम् परिस्थितिलाई अनुकूलस्थितितर्फ लैजानका लागि आफूहरू प्रयत्नरत रहेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले नवनियुक्त राज्यमन्त्रीलाई गलत मान्छेहरूको संगत र उनीहरूको प्रलोभनमा नपर्न पनि सचेत गराए ।

उनले राज्यमन्त्रीहरूले मन्त्रालयसँग सम्बन्धित सबै विषयमा विस्तृत अध्ययन गरेर सूचनाको भण्डारको रूपमा रही बढी जानकारी लिएर मन्त्रीहरूलाई सहयोग गर्न पनि आग्रह गरे । यसैगरी प्रधानमन्त्री ओलीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नजिक रहेको इन्धन भण्डारण खतरा रहेको भनी आइरहेको विषयप्रति चासो जनाउँदै खतरा भनिएको भण्डारणलाई अन्यत्र स्थानान्तरण गर्न पनि सम्बन्धित मन्त्री र राज्यमन्त्रीलाई ध्यान पुऱ्याउन निर्देशन दिए ।

●●●

# सुदूरपश्चिममा नयाँ...

यसअघि विश्वासको मत लिने प्रयोजनका लागि शुक्रबार बोलाइएको प्रदेशसभा बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री सोडारीले आफूले मार्गप्रशस्त गरेको घोषणा गरेका थिए । एकीकृत समाजवादी पार्टीबाट मुख्यमन्त्री बनेका उनले नेपालको संविधानको धारा १६९ को उपधारा (१) को खण्ड (क) बमोजिम मुख्यमन्त्रीको पदबाट प्रदेश प्रमुख नजिर मियाँसमक्ष राजीनामा दिएका थिए ।

प्रदेशसभा र प्रदेश सरकारका कारणले नभई राष्ट्रिय राजनीतिले यस्तो घटना भएको उनले बताए । यसअघि सत्तापक्षमै रहेको नेकपा एमालेका आर्थिक मामिलामन्त्रीबाट आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत भइसकेपछि त्यसलाई अलपत्र छाडिएको आरोप उनले लगाए । मुख्यमन्त्रीले प्रदेश सरकार र प्रदेशसभालाई बलियो बनाउने काममा सबै दल लाग्नुपर्नेमा जोड दिए ।

बैठकमा सभामुख भीमबहादुर भण्डारीले प्रस्ताव पेस गर्न मुख्यमन्त्रीले अनुमति प्राप्त गरेर पनि प्रस्ताव पेस नगरिएकाले उक्त प्रस्ताव स्वत:निस्क्रिय भएको घोषणा गरे ।

केन्द्रीय सत्ता समीकरण फेरिएसँगै एमाले सरकारबाट बाहिरिएपछि मुख्यमन्त्री सोडारी गएको असार २० गतेबाट अल्पमतमा परेका थिए । उनी १०५ दिनसम्म मुख्यमन्त्री पदमा रहे । एमालेका ११, नेकपा माओवादी केन्द्रका सभामुखबाहेक १०, एकीकृत समाजवादीका चार, नागरिक उन्मुक्तिका दुई, स्वतन्त्र एक सदस्यको समर्थनमा गएको वैशाख ६ गते उनी मुख्यमन्त्रीमा नियुक्त भएका थिए ।

पछिल्लो आमनिर्वाचनपछि गठन भएको सुदूरपश्चिम प्रदेशसभाले हालसम्म तीन मुख्यमन्त्री फेरबदल गरिसकेको छ । अब चौथो मुख्यमन्त्रीको चयन प्रक्रिया सुरु भएको छ । सोडारी नेतृत्वको सरकारले असार १ गते प्रदेशसभामा प्रस्तुत गरेको आर्थिक वर्ष २०८१/८२ को बजेट पारित हुन सकेको छैन । योसँगै प्रदेश सरकारको यही साउन १ गतेदेखि राजस्व संकलन तथा खर्च गर्नेलगायतका गतिविधि ठप्प छन् ।

प्रस्तुत बजेटमाथि प्रदेशसभामा छलफल गर्न ढिलाइ भइरहँदा असार २० गते मुख्य सत्ता साझेदार एमाले सरकारबाट बाहिरिएपछि बजेट अलपत्र भई पारित हुन नसकेको हो । एमाले बाहिरिएसँगै मुख्यमन्त्रीले अध्यादेशमार्फत बजेट ल्याउने प्रयासस्वरूप असारको अन्तिम हप्तामा वर्षे अधिवेशन (बजेट अधिवेशन) अन्त्य गर्न सिफारिस गरेको थियो । त्यसपछि अध्यादेशमार्फत बजेट ल्याउने सरकारको प्रयास भइरहँदा प्रतिपक्षी एमाले र नेपाली कांग्रेसले विशेष अधिवेशनको माग गर्दै प्रदेश प्रमुखसमक्ष लिखित माग गरेका थिए ।

●●●

# कक्षा १२...

यसअघि वि.सं. २०७८ को नतिजामा ४६.०४ प्रतिशत र २०७९ को नतिजामा ५१.९१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए । बोर्डले लेटर ग्रेडिङ निर्देशिका-२०७८ अनुसार सञ्चालन गरेको परीक्षाको नतिजाअनुसार प्रत्येक विषयमा सैद्धान्तिकतर्फ कम्तीमा ३५ प्रतिशत अंक नल्याएमा विद्यार्थीको नतिजा एनजी अर्थात् अनुत्तीर्ण आउँछ ।

●●●

# विवादमा तीज...

तीज गीत महिलाले मात्र गाइने भनेर चिनिए पछिल्लो समय पुरुषले पनि तीज गीत गाउन थालेका छन् । लोकगायक वसन्त थापाले तीज गीतमा अभद्र खालका शब्द र प्रस्तुति हुनु दुःखद् रहेको बताए । उनले सर्जकले तीज गीतको परम्परा र मौलिकतालाई आत्मसात गर्नुपर्ने बताए । ‘पछिल्लो समय तीज पनि दोहोरीजस्तो हुन थालिसकेको छ, सस्तो चर्चाका लागिमात्र तीज गीत सार्वजनिक गर्नुहुँदैन,’ उनले भने, ‘तीज गीत विषयपरक गीत हो, यो हाम्रो सांस्कृतिक पर्व तीजसँग जोडिएको छ, यसको मर्मलाई मर्न दिनु हुँदैन ।’

वरिष्ठ लोकगायिका हरिदेवी कोइरालाले पछिल्लो समय तीज गीतको विषयवस्तु र शैली भड्किलो बनेको बताइन् । मौलिक संस्कृतिसँग जोडिएको तीज गीतको जगेर्ना र संरक्षणमा गर्नुपर्नेमा नयाँ पुस्ता उल्टै बिगार्नतर्फ लागेको उनको भनाइ छ । ‘तीज गीतको विधान खल्बलिँदै गएको छ, यसको मूल मर्म भत्किसकेको छ,’ कोइरालाले भनिन्, ‘तीज पर्व मान्ने शैली पनि बदलियो, आधुनिकताको मारमा हाम्रो मौलिक संस्कृति परिरहेको छ ।’

तीज गीत जहिले पनि घटनाप्रद हुने हुँदा तीजको गीतले घटना खोज्ने लोकगायिका कोइरालाको तर्क छ । तर हिजोआज घटनाभन्दा पनि क्षणिक र सस्तो रमाइलोका विषयवस्तु हाबी भइरहेकोप्रति उनको गुनासो छ । ‘तीज गीतको पौराणिक मान्यता पनि घटना र विषयवस्तुसँग जोडिएको छ, युग सुहाउँदो, चेतना जागृत गर्ने खालका, समसामयिक विषयवस्तु तीज गीतमा उठान हुनुपर्दछ,’ उनले भनिन् ।

कोइरालाले आफू र आफ्नो पुस्ताका गायिकाले २०४६ सालको आन्दोलनपछिको परिवर्तन, २०५८ सालको राजदरबार हत्याकाण्ड र अन्य समाजमा घटित घटनालाई विषयवस्तुमा उठाउने गरेको स्मरण गरिन् । लोकगायिका कोइराला पहिलेका तीज गीत सम्झँदै भन्छिन्, ‘महिलाका कुण्ठित सिर्जना बाहिर आउँथे, तीजका गीतले समकालीन नेपाली समाजको अवस्था चित्रित गर्थे तर अहिले त्यस्तो छैन सस्तो र अभद्र मायाप्रेमको विषयले ठाउँ पाएको छ ।’

उनका अनुसार पहिले-पहिले महिलाले तीजमा आफूले झेल्नुपरेका सामाजिक बन्धन, पारिवारिक अन्याय, अत्याचारप्रति कटु व्यंग्य तथा विद्रोह गर्दै स्वतन्त्रताका गीतसमेत गाउन गर्थे । अन्धविश्वास र विसंगतपूर्ण व्यवहार तोडेर समानतामूलक समाज निर्माणका लागि तीज गीत सहयोगी बन्नुपर्ने उनको भनाइ छ । पौराणिककालदेखि नै तीज पर्व र गीतको बयान हुँदै आएको पाइन्छ । तीज गीतमा विशेषगरी नारी मुक्तिको आवाज मुखरित हुने गर्थ्यो ।

बढ्दो व्यावसायिक बजार र प्रतिस्पर्धाले पनि नेपाली संगीतको मौलिकता गुम्दै जान थालेको संगीतकर्मीहरू बताउँछन् । तीज गीतमा प्रयोग हुने माइतीघर र कर्मघरको विम्ब हराइसकेको छ । युवायुवतीबीच हुने प्रेमको हलुका विषयले तीज गीतमा ठाउँ लिएको छ ।

*‘भातै र खाम्ला जेठो बूढो धानैको, तरकारी खाम्ला गाबा बरि लै*
*लिन र आए भेट्न आए मेरा दाजै, बिर्साइदिए आमा बरिलै...।’*

अब के यस्ता तीज गीतको युग सकिएकै हो त ? *रासस*


## Aandhikhola Rural Municipality

### Office of the Rural Municipal Executive

Krishi, Syangja, Gandaki Province, Nepal

**Notice for the Letter of Intent**

**(First Publication Date: 3rd of August, 2024)**

Pursuant to Sub Clauses 27.2 of Public Procurement Act 2063 and it's revision, this is to notify all the bidders who submitted their bids for the contract identification No.: ***ANDH-G-NCB-TB-11-080-81***, as per the Invitation for Bids published in the national daily newspaper **" Prabhab National Daily"** on **14th of June, 2024**, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract. This notice is published for the purpose of clause 47 of Public Procurement Act 2063 and its revision.

| Contract ID No. | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including P.S. and VAT) |
|---|---|---|
| ANDH-G-NCB-TB-11-080-81, Procurement of Fabricated Steel Parts for TwoTrail Bridges (Wohiya Ghat Suspension Bridge & Samdikhola Truss Bridge) | Shree Agro Engineering Works Pvt. Ltd, Butwal Industrial Area, Butwal | 40,15,569.22 |



## कागजपत्र हरायो

यहि मिति २०८१/०४/०८ गते गोंगबुदेखि कलंकीसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको नेपाल स्वास्थ्य परिषदमा दर्ता भएको दर्ता नंबर **B-8567 med GM** भएको कागज पत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **पविना ढकाल**
ठेगाना: **शहिदलखन गा.पा. ९, गोरखा**
फोन नं : **९८४९९२४३६१**



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MATROUK AL KHALEJIYA FOR GENERAL TRADING CO.

पुर्व स्वीकृति मिति : २०८१/०४/१७ LT. No. 308340 चलानी नं.६०२२२९६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 2 | 150 | ६५,७५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | CDP/Chef | 2 | 0 | 180 | ७८,९०५ | | | | | | | |
| 3 | Line Cook | 2 | 0 | 150 | ६५,७५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २६ गते (10th Aug 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-32, Kathmandu, Nepal.
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SULEIMAN BIN FALEH BIN AQIL AL ANAZI PAPER PRODUCTS FACTORY

पूर्व स्वीकृति मिति: २०८१/०४/१८ LT. No. 308360 चलानी नं. ६०२२३०२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver With Long- Trailer | 12 | 0 | 1800 | ६४,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २६ गते (10th Aug 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**JERRY MANAGEMENT SYSTEM Pvt. Ltd.** Govt. License 1031/068/69
P.O.Box: 12235, Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634
Web : www.jerryms.com, Email: jerryms03@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL CAPABILITIES COMPANY FOR COMMERCIAL SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०४/१८ LT. No. 308067 चलानी नं. ६०२२३०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant (Kitchen Helper) | 13 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २६ गते (10th Aug 2024) मा हुनेछ ।**


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**TESLA OVERSEAS PVT.LTD.**
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONTINENTAL INTERNATIONAL GENERAL TRADING CO. W.L.L.

पूर्व स्वीकृति मिति २०८०/०९/२० पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/१८ LT. No. 297598 चलानी नं. ६०२१२६३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook (Bakery/pastry) | 15 | 0 | 170 | ७३,९६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Salesperson | 20 | 20 | 140 | ६०,९१५ | | | | | | | |
| 3 | Waiter | 20 | 20 | 140 | ६०,९१५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २६ गते (10th Aug 2024) मा हुनेछ ।**


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**VISION & VALUE OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**शनिबार, १९ साउन, २०८१**

| | |
|---|---|
| **मेष** | स्वास्थ्यमा ध्यान पुऱ्याउनु पर्नेछ । |
| **वृष** | टाढाको यात्राको सम्भावना हुनेछ । |
| **मिथुन** | मिहिनेत गरे केही न केही उपलब्धि हुनेछ । |
| **कर्कट** | अप्ठ्यारा परिस्थितलाई सहज बनाउन सहिनेछ । |
| **सिंह** | व्यस्तताले शरीर कमजोरीको अनुभूति हुने । |
| **कन्या** | धार्मिक मनोवृद्धि, सेवामुलक काम गरिनेछ । |
| **तुला** | सेवामुलक कामबाट धनलाभ प्राप्त हुने । |
| **वृश्चिक** | मिहिनेतले उपलब्धि हासिल हुने । |
| **धनु** | विछोडिएका आफन्तहरूसँग रमाइलो भेटघाट । |
| **मकर** | काममा प्रतिस्पर्धा बढ्न सक्छ । |
| **कुम्भ** | आत्माविश्वासको कमीले काममा पछि परिने । |
| **मीन** | हडबड गर्नाले काममा बाधा पुग्ने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा | |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसुति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

**१९ साउन**, २०८१ (०३ अगष्ट, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.६७ | १३४.२७ |
| युरो | १ को | १४४.७५ | १४५.४० |
| पाउन्ड स्टिर्लङ | १ को | १७१.६५ | १७२.४२ |
| स्विस फ्रैन्क | १ को | १५१.०७ | १५१.७५ |
| अस्ट्रेलियन डलर | १ को | ८७.५३ | ८७.९२ |
| क्यानाडियन डलर | १ को | ९६.५७ | ९७.०० |
| सिँगापुर डलर | १ को | ९९.४६ | ९९.९१ |
| जापानी येन | १० को | ८.६९ | ८.७३ |
| चिनियाँ युआन | १ को | १८.४२ | १८.५० |
| साउदी अरब रियाल | १ को | ३५.६३ | ३५.७९ |
| कतारी रियाल | १ को | ३६.६६ | ३६.८२ |
| थाई भाट | १ को | ३.७२ | ३.७३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३९ | ३६.५६ |
| मलेसियन रिङेट | १ को | २८.८१ | २८.९४ |
| दक्षिण कोरियन वन | १०० को | ९.६६ | ९.७१ |
| स्विडिस क्रोनर | १ को | १२.३६ | १२.४२ |
| डेनिस क्रोनर | १ को | १९.४० | १९.४९ |
| हङकङ डलर | १ को | १७.११ | १७.१९ |
| कुवेती दिनार | १ को | ४३७.१६ | ४३९.१२ |
| बहराइन दिनार | १ को | ३५४.६० | ३५६.२० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# लक्ष्यभन्दा बढीलाई लगाइयो पोलियो खोप

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यकामा लक्ष्यभन्दा बढी बालबालिकालाई पोलियो रोगविरुद्धको खोप लगाइएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गत साउन ९ गतेदेखि साउन १५ गतेसम्म सञ्चालन गरेको खोप अभियानमा लक्ष्यभन्दा बढी खोप लगाएको हो ।

स्वास्थ्य सेवा विभागका बालस्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतमले दुई लाख ९७ हजार ९२५ बालबालिकालाई खोप लगाएको जानकारी दिए । उनले १०४ प्रतिशत बालबालिकालाई खोप लगाएको बताए । उपत्यकामा दुई लाख ७९ हजार ६८१ बालबालिकालाई पोलियो रोगविरुद्धको खोप खुवाउने लक्ष्य लिएको थियो । उनका अनुसार काठमाडौं जिल्लामा दुई लाख तीन हजार ८९८ जना, ललितपुरमा ५२ हजार २३२ र भक्तपुरमा ४१ हजार ७९५ जनालाई पोलियो रोगविरुद्धको खोप लगाएका छन् । यसपटक मुखबाट खुवाइने 'ओपिभी' खोप खुवाइएको थियो ।

मन्त्रालयले टुकुचा खोला र बागमती नदीको संगमस्थल टेकुमा पोलियो जीवाणु भेटिएपछि काठमाडौं उपत्यकामा खोप अभियान सञ्चालन गरिएको थियो । पोलियो खोप जन्मेदेखि पाँच वर्ष मुनिका बालबालिकालाई स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले घरघर पुगेर पोलियोविरुद्धको खोप खुवाएका थिए ।

पोलियो रोग पोलियो भाइरसबाट हुने संक्रामक रोग हो । पोलियो लागेपछि ज्वरो आउने, पखाला लाग्ने, जीउ दुख्ने, थकाइ महसुस गर्ने र रोग गम्भीर हुन थाल्यो भने पक्षघात हुने र मृत्युसम्म हुने गर्दछ । पोलियो रोग दूषित खाना र पानीको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्दछ । सन् २०१४ पोलियोमुक्त भएको नेपाल सन् २०२६ सम्म पोलियो उन्मूलन गर्ने सरकारको लक्ष्य रहेको छ ।

# विधिपूर्वक मनाइयो घण्टाकर्ण अर्थात् गठामंगल

**काठमाडौं–** प्रत्येक वर्ष श्रावण कृष्ण चतुर्दशीका दिन मनाइने गठामंगल अर्थात् घण्टाकर्ण पर्व शुक्रबार राजधानीका भित्री सहरमा मनाइएको छ । चाडपर्वमध्ये सबैभन्दा जेठो मानिएको गठामंगल अर्थात् घण्टाकर्ण पर्व सांस्कृतिक परम्पराअनुसार विशेषगरी राजधानीको भित्री भागका नेवार समुदायले मनाउने गर्छन् । यसका साथै नेवार समुदायको बाहुल्यता रहेका सहर बजारमा पनि यो पर्व मनाइन्छ ।

परापूर्वकालदेखि मनाउँदै आएको यस पर्वमा गठामंगल नाम गरेको नरभक्षी राक्षस मारिएको सम्झनास्वरूप बिहानै हरियो नर्कट, निगालो अथवा गहुँको छ्वाली मिसाएर तीनखुट्टे राक्षसको स्वरूप बनाइ दोबाटो र चौबाटोमा उभ्याइने चलन छ । संस्कृतिविद् तेजेश्वरबाबु ग्वँग छ्वालीबाट बनाइ दोबाटो र चौबाटोमा दिनभर राखिने गठामंगल बेलुकी भने खेतको बीचमा लगेर बाल्दा धानमा कीरालगायत रोग नलाग्ने विश्वास रहेको बताउँछन् ।

यसैगरी बिहानै स्नान, पूजापाठ गरी घर-आँगन सफा गरिने, केटाकेटीले बाटामा डोरी टाँगेर पैसा (जगात्) माग्ने र राति राँको बाली उक्त राक्षसको प्रतीक घिसार्दै जलाउने चलन छ । गोपाल वंशावलीअनुसार गठामंगललाई सत्त्व, रज र तम गुण मानेर भैरवका प्रतीकका रूपमा लिइने र नवविवाहित स्त्री-पुरुषले दर्शन गर्नुपर्ने चलन छ । यस्तो परम्परा अहिले पनि राजधानीका तीनै सहर काठमाडौं, ललितपुर र भक्तपुरका भित्री भागमा छ । यसो गर्नाले नवविवाहित जोडीको जीवनमा बाध्य बाधा, आन्तरिक बाधा एवं शत्रुबाट रक्षा प्राप्त हुन्छ भन्ने विश्वास छ ।

आर्थिक एवं भौतिक उन्नतिका लागि पनि घण्टाकर्णको पूजा आराधनालाई राजधानीको भित्री भागमा बस्नेले महत्त्वपूर्ण मान्छन् । यस दिन विभिन्न धातुबाट बनेका औंठी किनेर लगाएमा नकारात्मक तत्त्वबाट शरीरलाई रक्षा गर्छ भन्ने विश्वास छ ।

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८१/०४/१३ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (**सयपत्री लजिष्टिक** प्रा.लि.) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नं व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम "**सयपत्री इम्पोरियम** प्रा.लि.(प्रा. लि. नं. २०५३३२)" कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## शिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०४/१९

यस कल्याणी सिस्नेरी सा.व.उ.स. कमलामाई नगरपालिका- ०८, सिन्धुलीको स्वीकृत वन व्यवस्थापन कार्ययोजना २०८०/०८१ अनुसार डिभिजन वन कार्यालय सिन्धुलीको वन पैदावर संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा मध्ये समुहको आन्तरिक खपत भई बाकी रहेको गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय सिन्धुली (सिन्धुली माढी)को च.नं. १५६ मिति २०८१/०४/ १८ को बाहिय लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेको विभिन्न ग्रेडका साल जातको गोलिया थान २२५ को ३०५५.३३ क्यूफिट काठ तथा लाउरा ३ चट्टा हाल जे-जस्तो अबस्थामा छ । सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत पुर्ण व्यहोराको सूचना तथा जानकारीको लागि समुदायको कार्यालयमा सुचना टाँस गरिएको छ ।

**कल्याणी सिस्नेरी सा.व.उ.स.**
कमलामाई न.पा.-०८सिन्धुली ।

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८१/०३/१८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (National Electric & Building Solutions प्रा.लि.) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नं व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम "National Electric And Building Solution प्रा.लि.(प्रा. लि. नं. ६४०५२)" कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REHAL AL-SHARQ LOGISTIC SERVICES CO.

पूर्व स्वीकृति मिति २०८१/04/१७ | LT. No. 308285 | चलानी नं. ६०२२३००९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1100 | ३९२३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २६ गते (10th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No. 1241/074/075

**Aarambha H R Services Pvt.Ltd**
Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044
E-mail : mail@aarambhahr.com, info@aarambhahr.com
Website : www.aarambhahr.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ESNAD BUILDING CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/११/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/१८ | LT. No. 300962 | चलानी नं ६०२१२०४३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 93 | 1200 | ४३,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २७ गते (11th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९८१/०६७/०६८

**MAHAD MANPOWER PVT. LTD.**
Tinkune, Kathmandu, Nepal Tel No: +977-1-4112456/ 411 2457
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIVESTOCK TRANSPORT AND TRADING CO.KSC

पूर्व स्वीकृति मिति : २०८१/०४/१७ | LT. No. 308313 | चलानी नं.६०२२३००२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Supervisor | 10 | 0 | 150 | ६५,७५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Butcher | 10 | 0 | 110 | ४८,२२० | | | | | | | |
| 3 | Labor | 50 | 0 | 105 | ४६,०३० | | | | | | | |

कम्पनी : LAROKA INTERNATIONAL RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०१/२३ | पून : विज्ञापन स्वीकृति मिति : २०८१/०४/१८ | LT. No. 304144 | चलानी नं.६०२१९०७८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 2 | 0 | 85 | ३७,२६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 5 | 0 | 120 | ५२,६०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २६ गते (10th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ERN EXPRESS RECRUITER NEPAL Govt. License No. 1613/079/080

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PINKIN BEAUTY SALOON COMPANY FOR LADIES.

पूर्व स्वीकृति मिति २०८०/०९/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/१८ | LT No : 296930 | चलानी नं ६०२१२०६१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 3 | 140 | ६०,५८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 3 | 140 | ६०,५८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २७ गते (11th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८३४/०६६/०६७

**CHANDANI MANAGEMENT SERVICES PVT. LTD.**
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IMDAAD L.L.C.

पूर्व स्वीकृति मिति: २०८०/०७/२० | पून : विज्ञापन स्वीकृति मिति : २०८१/04/१८ | LT. No. 294811 | चलानी नं. ६०२२०४१३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/general Labourer | 350 | 0 | 800 | २९,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner/janitress | 0 | 350 | 900 | ३२,८१५ | | | | | | | |
| 3 | Life Guard | 25 | 25 | 1625 | ५५९,२५० | | | | | | | |
| 4 | Office Boy | 50 | 0 | 1200 | ४३,७५५ | | | | | | | |
| 5 | Office Girl | 0 | 50 | 1200 | ४३,७५५ | | | | | | | |
| 6 | Rope Access Machine Operator | 25 | 0 | 1500 | ५४,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: ईन्द्रेणी वैंक्वेट, बसुन्धारा, काठमाडौंमा मिति: २०८१ साउन २० र २१ गते (4-5 Aug 2024) मा हुनेछ ।
सुनसरी ट्रेडिङ सेन्टर, इटहरीमा मिति: २०८१ साउन २२ गते (6th Aug 2024) मा हुनेछ ।
इटहरीको लागि सम्पर्क: ९८०८१०७४७१/९८२४३२७५९५/९८०७०८९७६०/९८२७००३०५३
बुट्वल मल्टिपल ट्रेनिङ सेन्टर, तिलोत्तामा, बुट्वलमा मिति: २०८१ साउन २३ गते (7th Aug 2024) मा हुनेछ ।
बुट्वलको लागि सम्पर्क: ९८५७०४४४७३/९८५११०३९६७/९८४७३१५६७२/९८४३२१०३०४

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६५२/०८०/०८१

**Yovant Recruitment Services PVT. LTD.)**
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9815015291, 9849842264, 9851019844, 9769359609, yovant1652@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VSC CARPENTRY & FLOORING CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति २०८१/04/१८ | LT. No. 308339 | चलानी नं. ६०२२३०१७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 40 | 0 | 1000 | ३६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २६ गते (10th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६८४/०८०/८१

**PARADISE HUMAN RESORCE PVT. LTD**
KMC-9, Jamuna Galli, Kathmandu, Tel: 01-5921521, 5921522, Email: paradisehuman123@gmail.com, info@paradisehumanresource.com.np, Web: www.paradisehumanresource.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AREEB ESTABLISHENT FOR FOOD STUFF

पूर्व स्वीकृति मिति २०८०/११/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/१८ | LT. No. 300821 | चलानी नं. ६०२१५७३१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 0 | 120 | ५१,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 3 | 0 | 95 | ४०,९९० | | | | | | | |
| 3 | Cook | 6 | 0 | 125 | ५३,९३५ | | | | | | | |
| 4 | Light Driver | 4 | 0 | 140 | ६०,४१० | | | | | | | |
| 5 | Manager | 2 | 0 | 500 | २१५,७५० | | | | | | | |
| 6 | Supervisor | 3 | 0 | 180 | ७७,६७० | | | | | | | |
| 7 | Waitress | 0 | 5 | 120 | ५१,७८० | | | | | | | |

कास्की, पोखरा, बाजेको सेकुवा, नागदुंगामा मिति: २०८१ साउन २६ गते (10th Aug 2024) मा हुनेछ ।
सुनसरी, इटहरीमा मिति: २०८१ साउन २७ गते (11th Aug 2024) मा हुनेछ ।
झापा, बिर्तामोड, सेन्टर पोइन्ट होटलमा मिति: २०८१ साउन २८ गते (12th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABIAN CONSOLIDATED INDUSTRIAL CLEANING SERVICES CO. (TANDHEEF)

पूर्व स्वीकृति मिति : २०८१/०१/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०४/१८ | LT. No. 304679 | चलानी नं. ६०२१९३९५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 1 | 0 | 2500 | ८९,१६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Forklift Operator | 2 | 0 | 1800 | ६४,०६३ | | | | | | | |
| 3 | Construction Worker | 15 | 0 | 1000 | ३५,५९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान:
गल्फ ट्रेनिङ सेन्टर, जनकपुर-८, बजरंग चोक, धनुषामा मिति: २०८१ साउन २६ गते (10th Aug 2024) मा हुनेछ ।
PIT ट्रेनिङ सेन्टर, रामनन्द चोक -८, जनकपुर, धनुषामा मिति: २०८१ साउन २६ गते (10th Aug 2024) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २७ गते (11th Aug 2024) मा हुनेछ ।

कम्पनी : RUBBER FUTURE WASTE RECYCLING COMPANY

पूर्व स्वीकृति मिति २०८१/०४/१८ | LT. No. :308347 | चलानी नं. ६०२२३०२०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Rubber Lamination Machine Operator | 3 | 0 | 2500 | ८९,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २६ गते (10th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०५/०७४/०७५

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## युएई/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALABAAD ALKHAMSAH SECURITY SERVICES

पूर्व स्वीकृति मिति २०८०/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/१८ | LT. No. 290613 | चलानी नं. ६०२१३३२५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 52 | 17 | 1200 | ४३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PREP FOOD SUPPLIES COMPANY

पूर्व स्वीकृति मिति २०८१/०२/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/१८ | LT. No. 305986 | चलानी नं. ६०२२०७२५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SOUS CHEF | 12 | 0 | 250 | १०९,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | DEMI CHEF | 15 | 0 | 180 | ७८,७५० | | | | | | | |
| 3 | PASTRY CHEF | 15 | 0 | 180-250 | १०९,३८०-१०९,३८० | | | | | | | |
| 4 | CHEF | 17 | 0 | 250 | १०९,३८० | | | | | | | |
| 5 | CDP | 13 | 0 | 250 | १०९,३८० | | | | | | | |

कम्पनी : PLATINUM HANDS PACKING & REPACKING SERVICES

पूर्व स्वीकृति मिति २०८०/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/१८ | LT. No. 303173 | चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,००० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,००० | | | | | | | |

कम्पनी : MAWARID SERVICES COMPANY LLC

पूर्व स्वीकृति मिति २०८०/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/१८ | LT. No. 296251 | चलानी नं. ६०२११२७०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 143 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २६ गते (10th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FUTURE STAR MANPOWER PVT. LTD. श्रम ईजाजत नं. ३९७/०६०/०६१

**Future Star Manpower Pvt. Ltd.**
Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

# मानवसेवामा राधिकाको समर्पण

सामाजिक सेवा गर्नु भनेको मानवीय धर्म हो, जीवन सार्थक बनाउने प्रयास हो । यही पवित्र विचार राखेर मानवीय सेवामा लागिपरेकी छन्, राधिका शाक्य । उनलाई प्रधानमन्त्री केपी शर्मा ओलीको धर्मपत्नीको रूपमा मात्र नभई समाजसेवी, परोपकारी र आश्रयविहीनहरूको आमाको रूपमा धेरैले चिन्न थालेका छन् ।





▸▸ कृष्ण अधिकारी

मानिसको धर्म नै मानवता हो । मानिसमा हुनुपर्ने मानवीय गुणहरूको विकास र पूर्णतालाई नै मानव धर्म भनिन्छ । धर्म भनेको प्राणीको कल्याण गर्नु हो । निःस्वार्थ गरिने मानव सेवाबाट मात्रै धर्म प्राप्तिको ढोका खुल्दछ । सेवा यति नै गर्नुपर्छ भन्ने छैन, जति सकिन्छ, त्यति गर्ने हो, मात्र पवित्र उद्देश्यका साथ गर्नुपर्छ । सामाजिक सेवा गर्नु भनेको मानवीय धर्म हो, जीवन सार्थक बनाउने प्रयास हो । यही पवित्र विचार राखेर मानवीय सेवामा लागिपरेकी छन्, राधिका शाक्य । उनलाई प्रधानमन्त्री केपी शर्मा ओलीको धर्मपत्नीको रूपमा मात्र नभई समाजसेवी, परोपकारी र आश्रयविहीनहरूको आमाको रूपमा धेरैले चिन्न थालेका छन् ।

सत्ता र शक्तिको आडमा धेरैले आफ्नो विगत बिर्सन्छन् र आफूलाई अरूभन्दा फरक ठान्छन् । सत्ता र शक्तिको दुरूपयोग गरेर अकुत सम्पत्ति जोड्नेदेखि आफ्ना नातागोता र आसेपासेहरूलाई पोस्न खोज्नेहरू हाम्रै समाजमा छन् । तर सबै यस्तै हुन्छन् भन्ने पनि होइन, उनीजस्ता व्यक्ति पनि छन्, जसलाई सत्ता र शक्तिको भोक र उन्मादले कहिल्यै छोएन । सबैप्रति उत्तिकै प्रेम, स्नेह र अभिभावकत्व नै उनको पहिचान बनेको छ । आफूलाई सधैं सामान्य राख्न चाहने र अरूका लागि सक्दो सहयोग र स्नेह भाव राख्छिन् उनी । सादा जीवन उच्च विचार भन्ने आदर्शबाट प्रभावित उनमा कहिल्यै आडम्बर, घमण्ड आएन । मुलुकको चारपटक प्रधानमन्त्री बनिसकेका ओलीको धर्मपत्नी उनी एक साधारण महिलामात्र नभएर धेरैलाई मातृत्व भाव दिनसक्ने आमा पनि हुन् ।

सन्तान जन्माउने धेरै महिलाले आफ्ना सन्तानलाई जसरी मातृत्व पोख्न सक्छिन्, आफ्नै कोखबाट सन्तान नजन्माए पनि उनले धेरै असहायलाई आमाजत्तिकै स्नेह र ममता दिएकी छन् । उनकै मातृत्वमा आज धेरैले न्यानो स्नेह र माया पाएका छन्, अभिभावक पाएका छन् । साँच्ची भन्नुपर्दा आमा पाएका छन् । सन्तानको खुसी उन्नतिको सधैं प्रार्थना गर्ने आमामा हुने धेरै गुणहरू उनमा रहेको पाइन्छ । उनी भन्छिन्, 'आफ्नै कोखबाट सन्तानलाई जन्म नदिएकाले सन्तानलाई गरिने माया कस्तो हुन्छ मलाई थाहा छैन । यदि मेरा छोराछोरी भएको भए पनि उनीहरूको भन्दा धेरै माया तिनै असहायहरू र असाहयको सेवामा समर्पित अभियन्ताहरूको लाग्ने गर्दथ्यो होला ।' आमाले दिने माया संसारमा अरूबाट पाउने मायासँग तुलना गर्न सकिन्न ।

'मेरो विवाह हुनुमा पनि मानवीयताले काम गरेको छ,' उनी भन्छिन्, '१४ वर्षसम्म जेलमा बिताएका, हेर्दै दुब्लो, पातलो खियाउटे, र राज्यको नजरमा देशद्रोही मानिएको व्यक्ति जो राज्यबाट कुनै पनि बेला मारिन सक्थ्यो, त्यस्तो व्यक्तिसँग मैले बिहे गर्नुको मूल कारण मानवताप्रतिको सच्चा निष्ठा थियो ।' पाटनकी रैथाने नेवारकी छोरी, स्नातकोत्तर पास गरिसकेकी उनले भनेजस्तो केटा नपाउने कुरै थिएन । उनी सम्झिन्छिन्, 'कतिपयले मलाई भनेका पनि थिए तिमीले ओलीसँग विवाह गरेर ठूलो गल्ती गर्‍यौ तर मभित्रको मानवताले देश बनाउन हिँडेको मान्छेलाई साथ दिनुपर्छ, सहयोगी बन्नुपर्छ, विवाह धनदौलत र रूपसँग गरिने होइन भन्ने भावले जित्यो । सम्पूर्ण जीवन उहाँसँगै बिताउने निधो गरेँ, यसैमा खुसी छु ।'

मध्यम वर्गको परिवारमा जन्मेहुर्केकी उनलाई गरिबी, दुःख, अभाव के हो भन्ने राम्रोसँग थाहा छ । उनी भन्छिन्, 'सानैदेखि गरिब, दुःखी बाटोमा मागेर बस्नेप्रति निकै माया लाग्थ्यो । उनीहरूका निम्ति केही सहयोग गर्न पाए हुन्थ्यो भन्ने भावले सधैं पछ्याइरहन्थ्यो ।' उनलाई एउटै कुराको चिन्ता छ, समाजमा रहेको आर्थिक-सामाजिक विभेद् कहिले अन्त्य होला ? मानिसहरूले एक छाक खान र सुविस्ताले बस्न कहिले पाउलान् ? जसरी एउटी आमा आफ्ना सन्तानले दुःख पाएको हेर्न सक्दिनन्, त्यसैगरी उनी पनि असहाय, सहाराविहीन अवस्थामा रहेका बाआमा, बाबुनानीहरूको अवस्था देख्दा निकै चिन्तित बन्छिन् ।

उनीभित्रको परोपकारी र सहयोगी भावनाले साक्षात् आमाको अभाव पूरा गर्दछ । गोरखा भूकम्पका बेला होस् वा कोरोना महामारीका बेला उनी आफैं अस्पतालमा पुगेर थुप्रैको सहारा बनेकी थिइन् । महिला भएर पनि उनमा कहिल्यै गरगहना, लवाइखुवाइमा कुनै सोख छैन । फजुल खर्चलाई सेवामा लगाउन उनको आग्रह छ । निःस्वार्थ सेवामा समर्पित हुँदै आइरहेका थुप्रै परोपकारी समाजिक संघसंस्थालाई हरतरहबाट नियमित साथ र सहयोगसमेत प्रदान गर्दै आइरहेकी उनलाई केही सहयोग गर्न पाएको क्षण औधी रमाइलो लाग्छ ।

उनको विचारमा आध्यामिक हुनु भनेको धार्मिक हुनु, मठमन्दिरमै गएर पूजापाठ गर्नुपर्छ भन्ने होइन, आफ्नो धर्म संस्कृतिको सार बुझेर त्यसैअनुसार आफ्नो जीवनलाई अगाडि बढाउनु हो । मानवीय भावनाको विकासले नै सभ्य र अनुशासित समाजको निर्माण गर्न सकिन्छ । यसका लागि ठूलो लगानी आवश्यक पर्दैन । हामीले आफ्ना जन्मदिन, विवाह उत्सव, पितृ कार्यहरूमा मानवसेवामा क्रियाशील संस्थाहरूमार्फत मानवसेवामा आफ्नो पनि सहभागिता जनाउन सकिन्छ । उनी भन्छिन्, 'केही वर्षयता म र मेरो श्रीमान् दुवैको जन्मदिन, अभिभावकका पुण्यतिथि एवं खुसीका क्षणहरू मानवसेवा आश्रम लगाएर विभिन्न परोपकारी सेवामा समर्पित आश्रमहरूमा गएर मनाउँछौं । यसो गर्न पाउँदा खुसी मिल्छ ।' उनले यसै वर्ष पनि श्रावण संक्रान्तिका अवसर एवं प्रधानमन्त्रीको नियुक्ति भएको दिन मानवसेवा आश्रममा आश्रित आमाबुबा र बालबालिकाहरूका लागि एक दिनको विशेष भोजन सेवा प्रदान गरेकी छन् ।

जीवनमा मानव भएर जन्मेपछि सार्थकता पाउने एउटै मात्र बाटो निःस्वार्थपूर्वक गरिने मानवसेवा नै हो । मानव जस्तो अत्यन्त विकसित, महत्त्वपूर्ण र मूल्यवान धर्तीको उपज, सृष्टि, त्यसले यही धर्तीमा भौतारिएर बाँच्नुपर्ने, सहाराविहीन हुनुपर्ने, गाँस बास र कपासको प्रबन्ध, हेरविचार हेरचाह, बन्धुत्व, मित्रता केही पनि नपाएर बस्नुपर्नेजस्ता कुरा मानव समाजका लागि पटक्कै शोभनीय होइनन् । मानिस चाहे शारीरिक अपांगता, अशक्त होस् अथवा गरिखान नसक्ने, मानसिक अस्वस्थता, प्राकृतिक विपत्ति अथवा अरू जेसुकै कारण भए पनि कोही पनि मानवोचित जीवनबाट वञ्चित हुन नपरोस् भन्ने नै आफ्नो अभिष्ट रहेको उनी बताउँछिन् ।

मानिसमा नभई नहुने अर्को महत्त्वपूर्ण गुण हो, परोपकारी भावना । परोपकार गर्नु पुण्य हो भने अरूलाई दुःख दिनु पाप हो भन्ने बुद्धको भनाइ नै उनको जीवनको आदर्श बनेको छ । उनी भन्छिन्, 'परोपकार नै ठूलो धर्म हो । गरिब, असहाय, दीनदुःखीको सेवा हामी सबैले गर्नुपर्छ । उनीहरूको सेवा गर्नु नै भगवानको सेवा गर्नुसरह हो ।'

संसारमा भएका सबै धर्मले पनि यही भनेको छ । आज मान्छेले मानवताको महान लक्ष्य र आधारलाई बिर्सेर आफूलाई संकीर्ण सीमाभित्र राखेको देख्दा उनलाई दुःख लाग्छ । उनी भन्छिन्, 'हरेक मान्छे आफूलाई हिन्दू हुँ, मुसलमान हुँ, इसाई हुँ, शिख हुँ, बुद्धिष्ट हुँ भन्छ तर हिन्दू, मुस्लिम, शिख, इसाई अथवा बुद्धिष्ट हुनुभन्दा पहिले हामी मानव हौं भन्ने कुरा उसले बिर्सेको छ ।' मानव हुनुको नाताले मानवको वास्तविक धर्म मानव धर्म हो भन्ने बुझ्न नसक्नेलाई बुझाउन जरुरी रहेको उनी बताउँछिन् ।

## मानवसेवा आश्रममा यसरी जोडिइन् राधिका

उनको यही मानव धर्मप्रतिको प्रतिबद्धता र सेवा भावले मानवसेवा आश्रमसँग गहिरो सम्बन्ध जोडिएको छ । मानवसेवा आश्रमसँग सम्बन्ध जोडिएको भने त्यति धेरै भएको छैन । २०७५ चैतमा एक दिन कुनै अनलाइन मिडियामा काठमाडौं महानगरपालिका र मानवसेवा आश्रमको सहकार्यमा सडकमा बेवारिस अवस्थामा रहेका मानवको उद्धार गरी एक महिलालाई सामाखुसीस्थित मानव सेवा आश्रममा राखिएको भन्ने समाचारमा उनको नजर पुग्यो । समाचारले उनलाई ती असहायहरूसँग भेट्ने इच्छा जाग्यो । उनी आश्रमको ठेगाना सोध्दै सामाखुसीस्थित आश्रममा पुगिन् र त्यहाँ रहेका आश्रितहरूसँग कुराकानी गरिन् । तिनीहरूका कुराले उनलाई निकै भावुक बनायो । निस्कने बेलामा आश्रमलाई २५ हजार रूपैयाँ सहयोग दिइन् र त्यहाँ रहेका सेवकसेविकालाई भनिन्, 'भरे तपाईंहरूको मुख्य अभियन्तालाई मलाई सम्पर्क गर्न भनिदिनुहोला ।' उनले दिएको सहयोग रसिदमा नाम र सम्पर्क नम्बर उल्लेख थियो ।

साँझ दैनिक समीक्षामा सहयोग गर्ने को दाताको रहेछ भनी बुझ्दा प्रधानमन्त्रीपत्नी रहेको थाहा पाएपछि सम्पर्क गर्दा उनले आफू आश्रमको सेवा कार्यबाट निकै प्रभावित भएको बताउँदै उनले भोलिपल्ट बिहानै बालुवाटारमा बोलाइन् । त्यतिबेला केपी शर्मा ओली दोस्रोपटक मुलुकको प्रधानमन्त्री थिए । आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारी भन्छन्, 'उहाँसँगको भेट र उहाँले प्रदान गर्नुभएको स्नेहले मानवीय सेवामा समर्पित हामी अभियन्ताहरूलाई एउटा जिम्मेवार अभिभावक पाएको अनुभूति भयो । २०६९ सालदेखि आश्रम सुरू गरेको भए पनि राज्यबाट जिम्मेवारपूर्ण सहयोग र अभिभाकत्व पाएका थिएनौं । हाम्रा कामहरूका बारेमा राज्यका उच्च निकायका व्यक्तित्त्वहरूसँग राख्ने अवसर नै पाएका थिएनौं । तर राधिका आमाले हामीलाई प्रधानमन्त्रीकै उपस्थितिमा आश्रम सञ्चालन गर्दाका समस्याहरू र हाम्रा अपेक्षाहरूको प्रस्तुति राख्ने वातावरण बनाइदिनुभयो ।'

मानवसेवा आश्रमले केही वर्षदेखि सञ्चालन गर्दै आएको मेची महाकाली राष्ट्रिय उद्धार यात्रालाई उनको निरन्तर सहयोग र सद्भाव रहँदै आएको छ । उनी भन्छिन्, 'अभियानमा आफू प्रत्यक्ष सहभागी हुन नसके पनि दीनदुःखी र असहायको सेवा गर्दा मनमा शान्ति मिल्छ, पुण्य संग्रह बढ्छ । मानवसेवा आश्रमले गरिरहेको सत्कर्मको पुण्य मलाई पनि मिलोस् भनेर अभियानप्रति मेरो समर्थन र साथ रहँदै आएको छ ।' आश्रमका हरेक गतिविधिहरूमा उनी सम्भव भएसम्म आफैं सहभागी हुन्छिन्, नभए शुभेच्छा दिन्छिन् । पहिलोपटक २०७७ पुस महिनामा भएको मेची-महाकाली राष्ट्रिय उद्धार अभियानमा निस्केका आश्रमका अभियन्तालाई शाक्यले उद्धार सेवामा आवश्यक सामग्रीहरू दिँदै प्रधानमन्त्रीकै उपस्थितिमा बालुवाटारबाटै बिदाइ गरेकी छन् । मानवसेवा आश्रमले आनी छोइङ डोल्मा फाउण्डेसनको सहकार्यमा गत वर्ष पनि बेसहारा, अशक्त, असहाय, अनाथ, अभिभावकविहीन, मानसिक तथा शारीरिकरूपमा कमजोर सडक आश्रित मानवहरूको उद्धार, पारिवारिक पुनर्मिलनदेखि उनीहरूसँगै दसैं, तिहार, छठजस्ता पर्वहरू मनाउने गरी एक महिने अभियान सञ्चालन गर्दा पनि उनले हरेक दिन अभियानकर्मीहरूलाई फोन गरेरै उत्साह भर्ने गरेकी छन् ।

आश्रमले छोटो समयमै घरपरिवार र आफन्तविहीन भई खुला आकासमुनि कष्टपूर्ण जीवनयापन गर्न बाध्य, आफ्ना लागि आफैं केही गर्न नसक्ने अवस्थामा रहेका, हेरचाह र पालनपोषण गरिदिनेसमेत कोही नभई सडक आश्रित हुन पुगेका सहयोगापेक्षी सडक आश्रित मानवहरूको मानवसेवा आश्रमले उचित संरक्षण र पालनपोषण गर्दै आएको कार्यबाट प्रधानमन्त्री पनि निकै प्रभावित छन् । प्रधानमन्त्रीले विभिन्न कारणबाट सडक आश्रित हुन पुगेका सहयोगापेक्षी सडक आश्रित मानवको अभिभावक राज्य बन्नुपर्ने र सहयोगापेक्षी सडक मानवमुक्त गराउने मानवसेवा आश्रमको अभियानमा सरकार साथमा रहेको र यसका लागि आवश्यक अभिभाकत्व रहिरहने बताएका छन् । उनी यसपटक प्रधानमन्त्री भएलगत्तै बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले २०८२ असार मसान्तसम्म सडक बालबालिकामुक्त गराउने निर्णय गरेको बताए ।

२०८२ सालभित्र नेपाललाई सहयोगापेक्षी सडक आश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माण गरी घोषणा गर्ने मानवसेवा आश्रमको संकल्पलाई सरकारले अभिभाकत्व ग्रहण गरी आफ्नो नीति तथा कार्यक्रममा प्राथमिकताको साथ राखेको छ । सरकारको सहयोगी बनेर २०८२ सालभित्र नेपाललाई सहयोगापेक्षी सडकआश्रित मानवमुक्त बनाउने अभियानमा सक्रियतापूर्वक सातै प्रदेशहरूमा मानवता प्रवर्द्धन, जागरण एवं सहयोगापेक्षीहरूको उद्धारका कार्यक्रमहरू नियमितरूपमा सञ्चालन भइरहेको अधिकारी बताउँछन् ।

आश्रमले २०८२ सालभित्र सहयोगापेक्षी सडक आश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माणको लक्ष्यसहित देशव्यापीरूपमा सडकपेटी र सार्वजनिक स्थलहरूमा कष्टपूर्ण जीवन बिताउन विवश अनाथ, अपांग, अशक्त, असहाय, शारीरिक तथा मानसिकरूपमा अतिकमजोर मानवहरूको उद्धार, उपचार, पालनपोषण एवं पारिवारिक पुनर्मिलन गराउँदै आएको छ । हाल देशभर सात प्रदेशको १९ जिल्लामा २४ वटा सेवा केन्द्र सञ्चालनमा रहेको आश्रमले ७७ जिल्लाबाट सहयोगापेक्षी सडक आश्रित मानवको उद्धार गर्दै आइरहेको छ । आजसम्म एक हजार ७०० बेसहारा सडक मानवको प्रत्यक्ष संरक्षण गर्दै आइरहेको यस आश्रमले १० हजारभन्दा बढीको उद्धार गर्नुका साथै चार हजारभन्दा बढीको सफल पारिवारिक पुनर्मिलन गराउन सफल भइसकेकाले पनि अभियानलाई निष्कर्षमा पुऱ्याउन सबै नेपालीको साथ सहयोग हुनुपर्ने उनको धारणा छ ।

## कुशल गृहिणीदेखि लेखिकासम्म

मुलुकको प्रमुख राजनीतिक पार्टीको अध्यक्ष तथा पटक-पटक प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेका व्यक्तिको अर्धांगिनी राधिका भने राजनीतिलाई भन्दा समाजसेवामै रमाउन चाहन्छिन् । उनले चाहेको भए सांसद, मन्त्री वा अन्य महत्त्वपूर्ण जिम्मेवारी नपाउने कुरै थिएन तर त्यसतर्फ उनको कहिल्यै ध्यान गएन । उनलाई पनि राजनीतिमा चासो नभएको त होइन तर राजनीतिलाई स्वार्थका लागि प्रयोग गरिनुहुन्न भन्ने मान्यता राख्छिन् । 'राजनीति समाजसेवा हो, देश र जनताका लागि गरिने विशुद्ध कर्म हो तर हामी कहाँ त पदमा पुग्ने, कमाउने माध्यम बनेको छ,' उनी भन्छिन् । विभिन्न नियुक्ति, ठेक्कापट्टा वा अवसरका लागि आउने नातागोता वा चिनेजानेका जो कोहीलाई पनि उनको एउटै जवाफ हुन्छ, 'हामीले नै यसरी भनसुन गर्न लाग्यौं भने त्यस्तो गराउन नसक्नेको अवस्था के होला ? सबैले आफ्नो क्षमताअनुसार अवसर पाउनुपर्छ ।'

उनी एक उदाहरणीय श्रीमती हुन्, जसको ढाडस, हौसला र साथले नै ठूला रोगहरू लाग्दा पनि प्रधानमन्त्री ओलीले त्यसलाई सजिलै जित्न सकेका छन् । ओलीको स्वास्थ्य अवस्थाले ओछ्यानमा जाउलो खाएर बस्नुपर्नेमा मुलुकको गहन जिम्मेवारी सहजै फूर्तिसाथ बोकेका छन् । राजनीतिका अनेक उतारचढावलाई पनि सजिलै पार लगाउन सक्नु सामान्य कुरा होइन । साढे तीन दशकदेखिको श्रीमतीको प्रेम, हेरचाह र सकारात्मक भावकै कारण ओली देशको कार्यकारी नेतृत्व बनेका छन् । उनको बेगाद छवि र हौसलाले जस्तोसुकै चुनौती र समस्यासँग जुध्दै सफलता चुम्न बल पुगेको छ । उनी अनावश्यक मान्छेहरूसँग भेट्न चाहन्नन् । आफ्नै घरधन्दाले एकछिन फुर्सद हुँदैन । घरमा आउने नेता, कार्यकर्तालाई चियापान भयो भएन भन्नेदेखि घरमा सहयोग गर्नेहरूको खानपिन, श्रीमान्‌को हेरविचार र करेसावारीको कामधन्दाले धेरै कुरा सोच्ने फुर्सद नै हुँदैन । घरको छतमा गरेको कौसीखेती हेर्नलायक छ । 'अब बालुवाटार आएकी छु, अलि घरधन्दाको बोझ कम हुन्छ कि ?,' उनी भन्छिन्, 'तर घरको चिन्ता पनि उत्तिकै छ ।'

उनमा एक समाजसेवी, असल गृहिणी मात्र नभएर सफल लेखिकाको परिचय पनि थपिएको छ । विवाहपश्चात् जीवनका विभिन्न कालखण्डमा भोगेका केही रोचक र अधिकांश क्रुरतम् र पीडादायी क्षणहरूका अनुभूतिहरूलाई आँसुका शब्दमा उनले 'मेरा अनुभूति' नामक पुस्तक लेखेर जीवनका अनेक भोगाइहरूलाई निकै मिठासपूर्ण ढंगबाट प्रस्तुत गरेकी छन् । पुस्तक पढ्ने जो कोहीले पनि उनको लेखनकलाको प्रशंसा नगरी रहन सक्दैन । पुस्तकबाट थुप्रै ऐतिहासिक जानकारी पाउन सकिन्छ । श्रीमान्‌को उपचारको क्रममा स्वदेश र विदेशका अस्पतालहरूमा बस्दाका क्षणदेखि राजनीतिकरूपमा सहनुपरेका अनेक हण्डरहरूलाई निकै भावुक रूपमा अक्षरमा उतारेकी छन् । *रासस*

# चुरेवासीमा जाग्दै आशा



■ गोपालप्रसाद बराल

**महोत्तरी–** सरकारले आफ्ना क्षेत्रका सम्भावनाबारे चासो बढाएपछि महोत्तरीका चुरेक्षेत्रका बासिन्दामा नयाँ आशा पलाएको छ । संघ, प्रदेश र स्थानीय तहको चासोले चुरे क्षेत्रका बासिन्दामा नयाँ कामको थालनी हुने र यसले आफूहरूको जीवनमा सकारात्मक प्रभाव पार्ने आश जागेको हो ।

'हाम्रो यो कन्दरामा कोही आउँदैनथे, यसपालि साउन लागेयता उच्च सरकारी अधिकारीहरूको बाक्लै आउजाउ छ, अब त यहाँ केही काम हुन लागेको हो कि,' चुरेकाछको बर्दिबास-३ राइमण्डलधामकी ७० वर्षीया चन्द्रमाया पुलामी भन्छिन्, 'अब यहाँ विकासका काम बढे त हाम्रो ठाउँको मुहार फेरिएला कि ।' साउन पहिलो साता मधेसका मुख्यमन्त्री शतिशकुमार सिंह र उद्योग वाणिज्य तथा पर्यटनमन्त्री सकिलअली मियाँ छुट्टाछुट्टै पुगेर स्थानीयवासीसँग छलफल गरेपछि यस बस्तीमा केही हुने आशा चन्द्रमायामा पलाएको हो ।

चन्द्रमायाजस्तै राइमण्डलधाम बस्तीका बासिन्दा उत्साहित बनेका छन् । 'हाम्रो ठाउँको मन्दिर र पाखा वरपर अब विकासका काम हुने कुरा छ,' सो बस्तीकै ६० वर्षीय दिलबहादुर रानामगर भन्छन्, 'यहाँ बाटोघाटो र अरू विकासका काम भए हामीले उब्जाएका फसल राम्रो मूल्यमा बिक्ने छन् ।' आफूहरूले फलाउने परबल, चना, बेसार, अदुवा र आफ्ना गाईभैँसीको दूधले, बजार पाउने आशा उनीहरूमा पलाएको छ ।

राइमण्डल मात्र नभएर अहिले चुरे क्षेत्रकै बर्दिबास-५ स्थित टुटेश्वरधाम र बर्दिबास-४ को माईस्थानस्थित पञ्चधुरामाईस्थान वरपरका बस्तीमा पनि आफ्नो ठाउँको विकासबारे निकै चासो बढेको छ । यसपालि साउने मेलाको अवसरमा मुख्यमन्त्री सिंह र मन्त्री मियाँले टुटेश्वर, पञ्चधुरा माईमन्दिर, राइमण्डलधाम र बर्दिबास-३ पाटुस्थित मध्यपाषणकालीन हतियार कारखाना क्षेत्रको स्थलगत अवलोकन र स्थानीयवासीसँग विकास निर्माणका बारेमा छलफल गरेका थिए । त्यसअघि प्रदेशकै गृह तथा सञ्चारमन्त्री राजकुमार लेखी र पछि भौतिक पूर्वाधारमन्त्री सरोज यादवको अवलोकन भ्रमणले स्थानीयवासीमा चासो र उत्साह जगाएको हो ।

यसपालि संघीय र प्रदेश सरकारले चुरेक्षेत्रका धार्मिक, ऐतिहासिक र पुरातात्त्विक महत्त्वका ठाउँको विकासमा गहिरो रुचि देखाएको यहाँका बासिन्दाको बुझाइ छ । 'बजेटमा यहाँका कुरा परेका छन् रे, अनि मन्त्रीहरू पनि आउजाउ र हामीसँग छलफल गरिरहेको छ,' चुरेकाछकै बर्दिबास-३ पाटु बस्तीका ६५ वर्षीय होमबहादुर खड्का भन्छन्, 'अब केही काम अघि बढ्लाजस्तो छ ।'

अवलोकन भ्रमणकै क्रममा मुख्यमन्त्री सिंहले प्रदेश सरकारले रातु राइमण्डल पर्यटन विकास क्षेत्रमा ८० लाख, टुटेश्वरधाम क्षेत्रमा ५० लाख, पञ्चधुरा माईमन्दिरमा ५० लाख र बर्दिबास-३ पाटुमा ताल सौन्दर्यीकरणका लागि ५० लाख रूपैयाँ गरी चुर क्षेत्रमै दुई करोड ३० लाख रूपैयाँ रकम विनियोजित रहेको आफूहरूलाई बताएको यहाँका बासिन्दा बताउँछन् । यसबाहेक संघ सरकारले पनि रातु राइमण्डल पर्यटन विकास क्षेत्रमा ४५ लाख रूपैयाँ र टुटेश्वरधाम क्षेत्रको पूर्वाधार विकासमा ३६ लाख विनियोजन गरेको छ ।

संघ र प्रदेश सरकारबाट विनियोजित रकम विस्तृत परियोजना प्रस्ताव निर्माण र पूर्वाधार विकासमा एउटै डालाबाट खर्च गरिनुपर्ने यहाँका स्थानीयवासी बताउँछन् । 'संघ र प्रदेश सरकारमात्र हैन, स्थानीय तहले पनि यी क्षेत्रमा लगाउने रकम एक ठाउँ जम्मा गरेर खर्च गर्ने प्रणाली बसाउनुपर्छ, यसले कामको गुणस्तर र मात्रा दुवैमा सकारात्मक प्रभाव पार्छ,' बर्दिबास-४ का सामाजिक कार्यकर्ता सोम कार्की भन्छन्, 'सबैतिरबाट विनियोजित रकम एउटै डालामा राखेर विस्तृत परियोजना प्रस्ताव बनाएर सोअनुसार काम अघि बढे राम्रो परिणाम प्राप्त हुने छ ।'

> संघ र प्रदेश सरकारबाट विनियोजित रकम विस्तृत परियोजना प्रस्ताव निर्माण र पूर्वाधार विकासमा एउटै डालाबाट खर्च गरिनुपर्ने यहाँका स्थानीयवासी बताउँछन् । "संघ र प्रदेश सरकारमात्र हैन, स्थानीय तहले पनि यी क्षेत्रमा लगाउने रकम एक ठाउँ जम्मा गरेर खर्च गर्ने प्रणाली बसाउनुपर्छ, यसले कामको गुणस्तर र मात्रा दुवैमा सकारात्मक प्रभाव पार्छ । सबैतिरबाट विनियोजित रकम एउटै डालामा राखेर विस्तृत परियोजना प्रस्ताव बनाएर सोअनुसार काम अघि बढे राम्रो परिणाम प्राप्त हुने छ ।"

चुर क्षेत्रका धार्मिक, ऐतिहासिक र पुरातात्त्विक महत्त्वका ठाउँबारे संघ र प्रदेशका सरकारले यहाँका पर्यटकीय गन्तव्यबारे बढाएका चासोले अब चुरे क्षेत्रमा पर्ने मध्यपाषण युगकालीन हतियार कारखाना, गिद्धबास, परेवा पाखा र राइमण्डलधाममा रातु राइमण्डल पर्यटन विकास क्षेत्र शीर्षकबाट काम हुने प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री मियाँले स्पष्ट पारेका छन् । यी ठाउँका कामलाई एक ठाउँबाट काम गर्ने वातावरण मिलाउन संघीय सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र बर्दिबास नगरपालिकासँग समन्वयको प्रयत्न गरिने मन्त्री मियाँको भनाइ छ ।

नयाँ आर्थिक वर्षको प्रारम्भताका नै यस भेगका बासिन्दा र प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीहरूको चासोले यसपालि समयमै यी प्रस्तावित क्षेत्रका काम अघि बढ्ने यहाँका सामाजिक संघसंस्थाका प्रतिनिधिको धारणा बनेको छ । नयाँ आर्थिक वर्ष सुरु हुनासाथै यहाँका कामबारे सरकारी चासो देखिनु सुखद भएको होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका महासचिव नारायण घिमिरे बताउँछन् । 'मुख्यमन्त्री सिंहले चुरे क्षेत्रका धार्मिक, ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वका ठाउँको पूर्वाधार विकासका लागि स्थानीय मौलिकता गुम्न नदिई दीर्घकालीन योजना बनाउन पहल थालिने आश्वासन दिनुभएको छ,' खड्का भन्छन्, 'अहिले मुख्यमन्त्रीको दौडधुपमा कामको हुटहुटी देखिन्छ, अब यस भेगका कामले गति लिने छन् ।'

खड्काले पछिल्लोपटक सरकारले आफूहरूका प्रस्तावबारे लचकता देखाएको प्रतिक्रिया दिएका छन् । 'हामीले गत माघ ६ गतेदेखि गत जेठ मसान्तसम्म चुरेक्षेत्रका पर्यटकीय गन्तव्यको पहिचान गर्न १० वटा सामाजिक संघसंस्थाको पहलकदमीमा पदयात्रा गर्दा ठम्याइएका ३५ स्थानबारे मुख्यमन्त्रीलाई जानकारी गरायौं,' बर्दिबास उद्योग वाणिज्य संघका अध्यक्ष विष्णु खड्काले भने, 'मुख्यमन्त्री र प्रदेश सरकारका मन्त्रीहरूको सकारात्मक चासो बढेको छ, अब यस क्षेत्रका विकास कार्यले गति लिने विश्वास जागेको छ ।'

पर्यटन गन्तव्यका लागि पदमार्गीले पहिचान गरेका ३५ ठाउँको परिचयसहित सो क्षेत्रमा गर्न सकिने कामबारे पदमार्गमा सम्मिलित संस्थाहरूले स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारलाई प्रतिवेदन नै दिइएको खड्काको भनाइ छ । यसपालि नयाँ आर्थिक वर्षको बजेटमा प्रदेश र संघीय सरकारले गरेको सम्बोधनले सर्वसाधारणमा आशा जगाएको खड्का बताउँछन् ।

सन् १९७५ देखि १९८५ सम्म १० वर्ष लगाएर जर्मन नागरिक गुडन कर्विन्सले चुरे क्षेत्रको पाटु वरपर गरेको खोज अन्वेषणमा रातो माटोले पुरिएको अवस्थामा ढुंगे हतियारहरू भेटिएपछि यो नै मध्यपाषण युगको हतियार कारखाना भएको निष्कर्ष कर्विन्सले निकालेका थिए । सो समय १० देखि १२ हजार वर्ष पुरानो रहेको उनले आफ्नो खोज कृति 'प्री हिस्टोरिकल कल्चर्स इन नेपाल' भाग-१ मा उल्लेख गरेका छन् । हतियार कारखाना रहेको अहिलेको पाटु र रातु नदी वरपरको त्यतिखेरको मानव सभ्यता भियतनामसँग मेल खाने कर्विन्सले उल्लेख गरेका सन्दर्भ मुख्यमन्त्री सिंहले यसबारे निरन्तर खोज अध्ययन गरिरहेका पत्रकार विशाल बस्नेतबाट जानकारी लिए । कर्विन्सको खोज अन्वेषणका सामग्री हाल पुरातत्त्व विभागमा रहेका छन् ।

कर्विन्सले आफ्नो पुस्तकमा उल्लेख गरेअनुसार ढुंगा, पशुवस्तुका हाड र काठबाट निर्मित एकातिरको भाग धारिलो बनेका हतियार हजारौं संख्यामा भेटिएका थिए । अहिलेको पाटुको रातमाटे डाँडाक्षेत्रमा खनिदा ३० देखि ७० सेन्टिमिटरमुनि यस्ता हतियार भेटिएका कर्विन्सको वर्णन छ । यी हतियार त्यतिखेरको भारतका हतियारसँग मेल नखाएका हुँदा यहाँ भारततर्फबाट दक्षिणपूर्व तर्फबाट आएका हुनसक्ने कर्विन्सको अड्कल छ ।

पछिल्ला तीन महिनायता नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेस प्रदेश समितिले 'घुमौं मधेस, बुझौं मधेस' भन्ने नारासहित प्रदेशभित्रका धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्त्विक तथा वातावरणीय दृष्टिले खास महत्त्वका ठाउँको पहिचान गर्दै यिनको विकासमा स्थानीय, प्रदेश र संघ सरकारको ध्यानाकर्षण गराउँदै आएको छ । 'हामीले पर्यटन विकासको प्रचुर सम्भावना बोकेको मधेसबारे अब स्थलगत रूपमै चासो जगाउने अभियान थालेका छौं,' बर्दिबास नगरपालिकाको संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिका संयोजकसमेत रहेका महासंघ मधेस प्रदेशका अध्यक्ष हिरालाल गौतम भन्छन्, 'अभियानको पहिलो चरणमा राज्यका विभिन्न निकायका पदाधिकारी तथा पर्यटनसम्बद्ध क्षेत्रका प्रतिनिधिसहित सर्वसाधारणको चासो बढेको छ ।' महोत्तरीका चुरे क्षेत्रका पर्यटकीय गन्तव्य र यिनको विकासका कुरामा सरकारका प्रतिनिधि र विभिन्न निकायमा बढेको चासोले अब काम अघि बढ्ने वातावरण मिल्दै गएको गौतम बताउँछन् ।

महोत्तरीमा चुरे पहाडी क्षेत्र बर्दिबास नगरपालिकाले मात्र ओगटेको छ । त्यसैले यस ठाउँको विकासमा मुख्यतः बर्दिवास नगर नेतृत्वकै पहलकदमी हुनपर्ने यस भेगका बासिन्दा बताउँछन् । वन सम्पदा तथा जलाधार क्षेत्रले जिल्लाभरि नै प्रभाव पार्ने हुँदा यिनको संरक्षणमा सबै स्थानीय तहको ध्यान पुग्नपर्ने चुरे तथा जलाधार क्षेत्रको संरक्षणमा लामो अनुभव सँगाल्नु भएका सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासका अध्यक्ष नागदेव यादव बताउँछन् ।

चुरे क्षेत्रका पर्यटकीय गन्तव्यको पहिचान र यिनको संवर्द्धनका क्षेत्रमा यहाँका सामाजिक संघसंस्थाले औंल्याएका स्थलबारे नगरपालिकाको चासो रहेको बर्दिबास नगरप्रमुख प्रह्लादकुमार क्षेत्री बताउँछन् । 'हामीले पर्यटन र संस्कृतिका क्षेत्रमा मसिनो गरी काम बढाउन संस्थागत प्रयत्न थालेका छौं, यस क्षेत्रका काम हेर्न नगरमा संस्कृति तथा पर्यटन प्रवर्द्धन समिति गठन गरिएको छ,' क्षेत्रीले भने, 'हाम्रो साधन स्रोत सीमित छ, हामी यसलाई अधिकतम परिचालित गर्दैछौं, प्रदेश र संघ सरकारको सहयोग जरुरत पर्दछ ।' पछिल्लो समय तीनै तहका सरकार, निजी क्षेत्र, पर्यटन व्यवसायी र सामाजिक संघसंस्थाको चुरे क्षेत्रका पर्यटकीय गन्तव्यबारे चासो बढेपछि अब यस भेगमा योजनाबद्ध काम अघि बढ्ने यस भेगका बासिन्दामा विश्वास बढेको छ । *रासस*

# बालविवाह रोक्न सक्रिय बन्दै बाल क्लब

**देउखुरी (दाङ)–** यहाँको गढवा गाउँपालिका-५ स्थित श्री माध्यमिक विद्यालय चैनपुर विद्यालयमा अध्ययनरत छात्रछात्राहरू बाल क्लबमा आबद्ध भएपछि सरसफाइसँगै सचेतनामूलक कार्यक्रममा सक्रिय देखिएका छन् ।

बाल क्लबका सदस्यहरूले बालअधिकारका विषयमा जानकारी लिँदै समुदायमा बालविवाह विरुद्धको अभियानलाई सशक्त बनाएका छन् । मुक्त कम्लरी विकास मञ्चले यसअघिदेखि बालविवाह न्यूनीकरण कार्यक्रम सञ्चालन गर्दै आएको थियो । २०७९ साउन २४ गते विद्यालयमा बाल क्लब गठन भएपछि मञ्चको उक्त कार्यक्रमलाई बाल क्लबको अभियानले थप सहायता प्रदान गरेको छ ।

गढवा गाउँपालिका-५ बाँकेकी सरस्वती परियार विद्यालयमा गठित बाल क्लबको अध्यक्ष छिन् । उनले वि.सं. २०८० मा एसइई परीक्षा दिएकी हुन् । एसइई परीक्षा सकिए पनि उनी प्रत्येक महिना विद्यालयमा हुने बाल क्लबको बैठकमा सहभागी हुन्छिन् । बाल क्लबमा आबद्ध भएपछि सिकेको जीवन उपयोगी सीपलाई अरू साथीहरूमाझ पुर्‍याउने काम गर्दै आएकी छन् ।

बालविवाह, प्रजनन स्वास्थ्य, नेतृत्व विकासका बारेमा जान्ने बुझ्ने कामलाई विद्यालयमा अध्ययनरत अन्य किशोरकिशोरीलाई सिकाउने गरेको उनले बताइन् । मनिषा चौधरी पनि सोही विद्यालयको कक्षा १० मा अध्ययनरत छिन् । उनी क्लबको कोषाध्यक्ष छिन् । बाल क्लबमा आबद्ध हुनुभन्दा पहिले उनलाई सबै सामु आफ्नो नाम भन्न डर लाग्थ्यो । अहिले सबैसामु ढुक्कसँग बोल्न र आफ्ना कुरा राख्नसक्ने भएकी छन् ।

बाल क्लबले किशोरकिशोरीमा आउने शारीरिक परिवर्तन र त्यसले पार्ने असरका बारेका खुलेर एकआपसमा कुरा गर्ने गरेको उनले बताइन् । साथीलाई कुनै समस्या आई लागेमा सहयोग गर्ने गरेको चौधरीको भनाइ छ ।

'बालविवाहले किशोरकिशोरीमा पार्ने शारीरिक र मानसिक असरका बारेमा छलफल हुन्छ । विद्यालय सरसफाइ प्रत्येक साता गर्ने गरेका छौं । विद्यालयमा सिकेका कुरा घरपरिवारमा छलफल गर्ने गरेका छौं,' मनिषाले भनिन् । छोरा र छोरीबीच भेदभाव गर्नु हुँदैन हरेक स्थानमा समान सहभागिता दिनुपर्छ भन्ने कुरा घरपरिवार र समाजमा चेतना फैलाउने काम उनीहरूले गर्दै आएका छन् ।

२५ सदस्य रहेको बाल क्लबले गरिरहेको कामबाट धेरै खालका सकारात्मक परिवर्तन हुँदै गएको मुक्त कम्लरी विकास मञ्चको बालविवाह न्यूनीकरण कार्यक्रम 'फिल्ड मोटिभेटर' निमा चौधरीले बताइन् । विद्यालय पढ्दै गरेका कतिपय किशोरकिशोरीले बालविवाह गर्ने गरेकाले यसको रोकथामका लागि बाल क्लबका माध्यमबाट निगरानी बढाएको छ ।

मुक्त कम्लरी विकास मञ्चकी फिल्ड संयोजक ज्ञानु थापाले किशोर अवस्थामा उनीहरूमा आउने परिवर्तनसँगै उनीमा रहेको उत्सुकता मेटाउन बाल क्लबले सहयोगी भूमिका खेलेको बताइन् । समय समयमा मञ्चले तालिम सञ्चालन गरेर उनीहरूलाई सचेतना दिने गरेको छ । क्लब गठन भएयता बीचैमा पढाइ छोड्ने र कक्षामा अनुपस्थित हुने बालबालिकाको संख्यामा कमी आएको विद्यालयका प्रधानाध्यापक हिमालप्रकाश अधिकारी बताउँछन् । विद्यालयमा बाल क्लब गठन भएपछि विद्यार्थीहरूको पढाइलेखाइका साथै अतिरिक्त क्रियाकलापमा पनि सहभागिता बढेको उनको भनाइ छ । *रासस*




## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : L&T HYDROCARBON SAUDI COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०४/१६ | LT. No. 308277 | चलानी नं. ६०२२२९४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker /labour | 99 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : L&T HYDROCARBON SAUDI COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०४/१६ | LT. No. 308276 | चलानी नं. ६०२२२९४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker /labour | 87 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २६ गते (10th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9828776444
Govt. License 938/067/068

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DISCOVERY EMPLOYMENT LLC

पूर्व स्वीकृति मिति २०८१/०१/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/१८ | LT. No. 304048 | चलानी नं. ६०२१८८२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Mason | 30 | 0 | 1200 | ४३,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Carpenter | 35 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 3 | Steel Fixer | 35 | 0 | 1200 | ४३,६६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २६ गते (10th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९
MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VISION HEALTH SPA INSTITUTE CO.WLL

पूर्व स्वीकृति मिति २०८१/०४/१८ | LT. No. 308361 | चलानी नं. ६०२२३०१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Massagist | 4 | 0 | 130 | ५६,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Receptionist | 2 | 0 | 130 | ५६,९८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २६ गते (10th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

# प्रभाव दैनिक

रूपशाला

शनिबार, १९ साउन २०८१ (Saturday, August 03, 2024)


### 'बुलाकी' युरोप र अस्ट्रेलियामा प्रदर्शन हुने

साउन ३२ गतेबाट दर्शकमाझ आउन लागेको फिल्म 'बुलाकी' को विभिन्न देशको प्रदर्शन अधिकार बिक्री भएको छ । फिल्मको यु.के., समग्र यूरोप र अष्ट्रेलियाको प्रदर्शन अधिकार एकसाथ बिक्री भएको निर्माता तथा अभिनेता विराज विष्टले जानकारी दिए । फिल्मलाई नेपालसँगै एकसाथ विश्व बजारमा प्रदर्शन गर्नेगरी फिल्म वितरण तथा मनोरञ्जनात्मक गतिविधिमा क्रियाशील कम्पनी वि.एस. इन्टरटेन्मेन्टले खरिद गरेको हो । 'बुलाकी' निर्माण कम्पनी छत्रेश्वरी म्यानेजमेन्ट प्राली र विएस इन्टरटेन्मेन्टबिच फिल्म वितरणका बिषयमा सम्झौता भएको विष्टले बताए ।




# पूर्वउपरथी क्षत्रीले ल्याए 'जीवन सुन्दर छ'




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सेनाका पूर्वउपरथी डा रमीन्द्र क्षत्रीको 'जीवन सुन्दर छ' नामक आत्मकथा पुस्तक लोकार्पण भएको छ ।

सुन्धारास्थित आर्मी अफिसर्स क्लबमा किताब जात्रा महोत्सवमा उनको पुस्तक लोकार्पण गर्नुका साथै समीक्षासमेत गरिएको थियो । नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्मा, पुस्तकका सम्पादक रामचन्द्र फुयाल, पत्रकार टीकाराम यात्रीले पुस्तकमाथि समीक्षा गरेका थिए ।

दश वर्षे सशस्त्र द्वन्द्वका समयमा २०६० साल भदौ ११ गते क्षत्रीमाथि तत्कालीन विद्रोही माओवादीका लडाकुले आक्रमण गर्दा घाइते भएका थिए । गोली प्रहारबाट स्पाइनल कर्ड इन्जुरी भएपछि उनले सधैं ह्वीलचियरको जीवनयापन गर्न बाध्य छन् ।

क्षत्रीले सेनामा सेवामा ४० वर्ष भोगेका अनुभवदेखि आफ्ना जीवनमा आइपरेका उतारचढावलाई समेटेर पुस्तक निकाि लएको फुयालले बताए । जीवन सुन्दर छ, किताबको शीर्षकजस्तै आत्मकथामा लेखकको इमानदारीता झल्किएको उनले उल्लेख गरे ।

पत्रकार यात्रीले जीवनदेखि निराश हुनेका लागि क्षत्रीको आत्मकथा प्रेरणादायी कृति हुने सुनाए । पुस्तकमा लेखकले जतिसुकै कठिनाई आइपरेपनि जीवन सकारात्मक कार्यबाट सुन्दर बनाउन सकिने उदाहरण दिएको बताए ।

सेनापति शर्माले भने क्षत्रीको सेनामा सेवावृत्त हुँदादेखि नै सक्रिय र सिर्जनात्मक स्वभाव रहँदै आएको विगत स्मरण गराए । उनका इमानदारी, प्रष्ट वक्ता र क्रियाशीि लता प्रशंसनीय रहेको बताए । लेखक क्षि त्रीले पुस्तकमा आफ्नो पुर्खाले राज्यमा दिँदै आएको योगदानदेखि, बाल्यकाल अवस्था, सेनामा सेवारत हुँदाका अनुभव र शारीरिक रूपले असक्त भएपछि जीवनमा आएका उतारचढावका विषय आत्मकथामा समेटेको सुनाए । 'जीवनमा सधैं एउटै लयमा चल्दैन रहेछ', उनले भने, 'मेरो भोगाइले पाठकलाई प्रेरणा मिल्छ भने म सफल भएको ठान्छु ।'

यात्रा पब्लिसिङ हाउसले पुस्तक प्रकाशनमा ल्याएको हो । किताब जात्रा शनिबारसम्म रहने छ ।

# प्रमोद खरेलको स्वरमा 'तड्पायो तड्पायो' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** सुनिल खनालको 'तड्पायो तड्पायो' गीतको भिडियो सार्वजनिक भएको छ । लोकप्रिय गायक प्रमोद खरेलको स्वर रहेको गीतको शब्द र संगीत सन्दीप खनालको रहेको छ । विशाल निरौलाले एरेन्ज गरेको गीत युनिक इन्टरटेनमेन्ट युट्युब च्यानलबाट सार्वजनिक भएको छ ।

सुनिल खनाल स्वयंका साथै प्रिन्सिका श्रेष्ठ र सन्दीप खनालको अभिनय रहेको गीतको मिडिया पार्टनरको रूपमा प्रभाव दैनिक रहेको छ । केशव विश्वकर्माले छायांकन गरेको भिडियोको निर्देशन निरेन श्रेष्ठले गरेका छन् ।




# गोविन्द र शान्तिश्रीको नयाँ गीत 'बरिलै बरिलै' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** तिज नजिकिँदै गर्दा तिज लक्षित विभिन्न गीत संगीत दैनिक भित्रिन थालेका छन् । यस्तैमा तिजलाई लक्षित गर्दै गीतकार गोविन्द अनिकले नयाँ तिज गीत 'बरिलै बरिलै' सार्वजनिक भएको छ । अचेले भड्किलो र विकृत तिज गीतहरू धेरै निर्माण भएको समय अनिकले मौलिक खालको गीत बनाएका छन् ।

गायिका शान्तिश्री परियार, सुनिता बुढा क्षेत्री, समीक्षा अधिकारी बोमकुमारी बिकको स्वर रहेको गीतमा नेपाली समाजका नारीहरूले भोग्न गरेको पिर, व्यथा, अप्ठ्यारा परिस्थिति, अवहेलना र नारी विभेद समेटेर मार्मिक बनाइएको छ ।

रोशनी कार्की, सरिता ढुंगाना (जुनकीरी) र जुना गुरुङ अभिनय रहेको गीतमा थुप्रै कोरस समेत प्रयोग गरिएको छ । सुनिल बिकको निर्देशन रहेको भिडियामा नृत्य निर्देशक रोशन विश्वकमि ले गरेका हुन् । भिडियोमा बासु न्यौपानेको छायांकन र प्रविन भट्टको सम्पादन छ ।



गीतमा वर्ष दिनको तीजमा पनि माइती भेट्न नपाएकी चेलीका वेदना र बिलौनाका कथा बुन्ने प्रयत्न गरेको गीतकार अनिकले बताए । गीतले दर्शक तथा श्रोताको मनि जत्नेमा आफु आसावादी रहेको सुनाए ।

## रंगशाला

# फ्रेन्चाइज टिमका लागि टेण्डर आह्वान




■ प्रभाव संवाददाता

**काठमाडौं–** बहुप्रतिक्षित क्रिकेट फ्रेन्चाईज लिग नेपाल क्रिकेट लिग (एनपीएल)का लागि टिम किन्न सूचना जारी भएको छ । नेपाल क्रिकेट संघ क्यानले शुक्रबार सार्वजनीक सूचना जारी गरेर फ्रेन्चाईज टिमको स्वामित्व लिनका लागि दर्खास्त माग गरेको हो ।

क्यानले आगामी नोभेम्बर-डिसेम्बरमा फ्रेन्चाईज क्रिकेट एनपीएलको सुरुवात गर्ने घोषणा गरेको छ। सोही अनुसार तयारी थालेको क्यानले टिमको स्वामित्वका लागि सार्वजनीक सूचना माग गरेको हो ।

टिमको सन्दर्भमा क्यानले अनौपचारिक रूपमा देशी तथा विदेशी सम्भावित व्यक्ति-संस्थासँग अनौपचारिक संवाद सुरु गरिसकेको थियो । शुक्रबार जारी सूचनामा विदेशी कम्पनीले नेपाली कम्पनीलाई साझेदार बनाएर एनपीएलको टिमको टेण्डर प्रकृयामा सहभागी हुन पाउने जनाएको छ ।

टिमको स्वामित्व लिनका लागि व्यक्ति तथा कम्पनीले १ लाख रूपैयाँ (फिर्ता नपाउने) रकम सहित क्यानमा निवेदन दिन सक्नेछन् । प्रस्तावहरू अगष्ट १६ भित्र आईसक्न पर्ने क्याि नले जनाएको छ । कुनै ब्याख्या र औचित्य पुष्टि बिनै टिमको स्वामित्व दिने सम्पुर्ण अधिकार क्यानले आफुसँग रहने सूचनामा जानकारी गराएको छ ।

यसअघि भारतीय कम्पनी सेभेन श्री स्पोर्ट्सलाई क्यानले फ्रेन्चाईज लिग सञ्चाि लनको अनुमती दिएको थियो । पहिलो संस्करण फिक्सिङ र अनेकौं विवादमा फसेपछि सो सम्झौतालाई क्यानले रद्ध गरेको थियो । त्यसपछि क्यानले आफै फ्रेन्चाईज क्रिकेट लिग सञ्चालन गर्ने निर्णय गरेको थियो ।

# श्रीलंकाको लगातार दोस्रो हार

■ प्रभाव संवाददाता

**काठमाडौं–** रोमाञ्चक खेलमा इरानले शुक्रि वार श्रीलंकालाई पराजित गर्दै काभा महिला भलिबल नेसन्स लिगमा पहिलो सफलता प्राप्त गरेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा इरानले श्रीलंकालाई ३-२ को संघर्षपूर्ण रूपमा पराजित गर्दै जारी काभा महिला भलिबल नेसन्स लिगमा अंकको खाता खोलेको हो । पहिलो दुई सेट गुमाए पनि श्रीलंकाले उत्कृष्ट पुनरामनको संकेत गर्दै तेस्रो र चौथो सेट जित्यो । इरानले पहिलो सेट २५-२० र दोस्रो २५-१२ ले सहजै आफ्नो बनाउन सफल भयो तर श्रीलंकाले तेस्रो र चौथो सेट जित्दै खेलमा फर्कने संकेत गऱ्यो । दुवै सेट श्रीलंकाले २५-२२ र २५-१३ ले आफ्नो पक्षमा पार्दै उच्च आत्मबल बटुल्यो तर पाँचौं तथा निर्णायक सेटमा भने श्रीलंकाले तालमेल मिलाउन सकेन ।

यो सेटमा एक समय श्रीलंका १०-१० को बराबरीमा थियो तर यसबीच तालमेल गुमाउँदा इरानले लगातार अंक बटुल्दै १५-११ ले सेट आफ्नो बनायो । इरानले आफ्नो दोस्रो खेलमा पहिलो जितको स्वाद चाख्दा दुई खेल नै खेलको श्रीलंकाले भने दुवैमा पराजित हुँदै जितविहीन रहेको छ ।

यसअघि पहिलो खेलमा इरान भारतसँग ३-१ र श्रीलंका आयोजक नेपालसँग ३-० को सोझो सेटमा पराजित भएका थिए । यससँगै ५ राष्ट्र सम्मिलित काभा महिला भलिबल नेसन्स लिगमा २ खेलबाट इरानले २ अंक र श्रीलंकाले पनि २ खेलबाटै १ अंक जोडेको छ ।

## पेरिस ओलम्पिक-२०२४

# चीन शीर्ष र अमेरिका दोस्रो

■ प्रभाव संवाददाता

**काठमाडौं–** जारी पेरिस ओलम्पिकमा अहिलेसम्म ५० देशले पदक जितेका छन् । बुधबार सम्पन्न खेलपछि ३१ देशले स्वर्ण पदक जितेका छन् भने कुल ५० देशले पदक जितेका छन् ।

जसमा चीन ३१ स्वर्ण, ७ रजत र ७ काश्य पदक जितेर शिर्ष स्थानमा रहेको छ भने अमेरिका ९ स्वर्ण, १७ रजत र १५ काश्य पदक जितेर दोस्रो स्थानमा रहेको छ ।

त्यस्तै ग्रेट ब्रिटेनले ९ स्वर्ण, ८/८ रजत र काश्य हात पार्दै तेस्रो स्थानमा रहेको छ । त्यस्तै फ्रान्स ८ स्वर्ण, ११ रजत र ११ काश्य पदकसहित चौथो स्थानमा रहेको छ भने अस्ट्रेलिया ८ स्वर्णसहित ६ रजत र ५ काश्य पदक जितेर पाँचौं स्थानमा रहेको छ । त्यसैगरी जापान ८ स्वर्ण, ३ रजत र ६ काश्य पदकसहित छैटौं स्थानमा रहेको छ ।



दक्षिण कोरियाले पनि ७ स्वर्णसहित ४ रजत र ४ काश्य पदक जितेको छ। त्यसैगरी इटालीले ५ स्वर्ण, ७ रजत र ४ काश्य पदक जितेको छ भने क्यानडाले ३ स्वर्ण, २ रजत र ३ काश्य पदक जितेको छ । त्यस्तै हङकङ, जर्मनी, नेदरल्याण्डस, न्यूजील्याण्ड, रोमानिया र अजरबैजानले २-२ स्वर्ण पदक जितेका छन् । त्यसैगरी हंगेरी, जर्जिया, दक्षिण अफ्रिका, स्विडेन, बेल्जियम, आयरल्याण्ड, काजकिस्तान, क्रोसिया, ग्वाटेमाला, उज्बेकिस्तान, अर्जेन्टिना, इक्वेडर, स्लोभेनिया र सर्बियाले एक एक स्वर्ण पदक जितेका छन् ।

त्यसैगरी अहिलेसम्म ओलम्पिक पदक जित्ने देशमा ब्राजिल, उत्तर कोरिया, स्पेन, पोल्याण्ड, स्वीजरल्याण्ड, ग्रीस, इजरायल, कोसोभो, मेक्सिको, टर्की, युक्रेन, फिजी, मंगोलिया, ट्युनिसिया, भारत, मोलडोभा, अस्ट्रिया, इजिप्ट, पोर्चुगल, स्लोभाकिया र ताजकिस्तान रहेका छन् ।

# पोखरामा अन्तर्राष्ट्रिय 'बेलुन फेस्टिबल'

■ प्रभाव संवाददाता

**कास्की–** पर्यटकीय राजधानी पोखरामा अन्तर ाष्ट्रिय बेलुन फेस्टिबल हुने भएको छ ।

पोखरालाई अन्तर्राष्ट्रियस्तरमा थप प्रवर्द्धन गर्ने उद्देश्यले बेलुन नेपाल प्रालिले फेवाति ालको मुहान क्षेत्रमा फेस्टिबल आयोजना गर्न लागिएको हो । पोखरामा आयोजित कार्यक्रममा प्रालिका अध्यक्ष विक्रम बाडेले अंग्रेजी नयाँ वर्षका अवसर पारेर आगामी पुस १४ देखि १८ गतेसम्म फेस्टिबल हुने जानकारी दिए ।

रु छ करोड ५० लाख खर्च हुने अनुमान गरिएको फेस्टिभलले पोखराको पर्यटनमा उत्साह थप्दै शिथिल पर्यटन क्षेत्रलाई माथि उठाउन सफल हुने विश्वास गरिएको उनले बताए । अध्यक्ष बाडेका अनुसार फेष्टिभलमा विश्वका विभिन्न देशबाट करिब २० देखि २५ वटा बेलुन निर्यात गरिने छन् ।

नेपाल पर्यटन बोर्ड, संस्कृति, पर्यटन तथा नागरिक उ•यन मन्त्रालय, गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, नेपाल नागरिक उ•यन प्राधिकरण, पोखरा पर्यटन परिषद्लगायतका सङ्घ संस्थाको सहयोग र सहकार्यमा फेस्टिबल हुने जनाइएको छ ।

कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले पोखरामा यस प्रकारको महोत्सव आयोजना हुनु खुसीको कुरा भएको बताए । पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले फेष्टिबल पोखरा र समग्र गण्डकी प्रदेशका लागि ऐतिहासिक कार्यक्रम हुने धारणा राखे ।

पर्यटन बोर्ड गण्डकी प्रदेशका निमित्त कार्यालय प्रमुख नवीन पोखरेलले फेस्टिभलले पोखरामा पर्यटकको बसाइ अवधि लम्ब्याउन र नयाँ सम्भाव्यताको खोजी गर्न कार्यक्रमले टेवा पुग्ने विश्वास व्यक्त गरे । बेलुन नेपालका सञ्चालक सविन महर्जनले आफ्नो संस्थाले पोखरामा 'हट एयर बेलुन' सञ्चालनमा ल्याइरहेको बताए । बेलुनमा उड्दा माछापुच्छ्रे, अन्ि नपूर्णलगायतका हिमालहरू, पूर्ण आकारको फेवाति ाल, पुम्दिकोट महादेव, सराङ्कोट मान्द्रेढुंगाबाट उड्ने प्याराग्लाइडिङ तथा पोखरा उपत्यका आसपासको सुन्दर दृश्यावलोकन गर्न सकिने उनको भनाइ छ ।

# रिहा भएका अमेरिकी नागरिकलाई स्वागत



**वासिङ्टन–** रूससँगको कैदी आदानप्रदानमा रिहा भएका अमेरिकी पत्रकार इभान गेर्शकोभिच, र अन्य दुई पूर्वअमेरिकी नौसैनिक पल ह्वेलन र पत्रकार अल्सु कुर्माशेभा स्वदेश फिर्ता भएपछि उनीहरूको अमेरिकामा भव्य स्वागत भएको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेन र उपराष्ट्रपति कमला हचारिसले पत्रकार इभान गेर्शकोभिचलाई अँगालो हालेर स्वागत गरेका थिए । वाल स्ट्रिट जर्नलका रिपोर्टर गेर्शकोविच, पूर्वअमेरिकी नैसैनिक ह्वेलन र पत्रकार कुर्माशेभा विमानबाट ओर्लेपछि परिवार र साथीभाइले खुसीयाली मनाएका थिए ।

खोज पत्रकारका रूपमा वाल स्ट्रिट जर्नलमा काम गर्ने सिलसिलामा गेर्शकोभिचलाई रूसमा पक्राउ गरिएको थियो । रूससँगको कैदी आदानप्रदान सम्झौतामा उनीहरूसहित ठूलो संख्यामा कैदी आदानप्रदान भएपछि उनीहरू बिहीबार अमेरिका फिर्ता भएका हुन् । वासिङ्टन नजिकैको ज्वाइन्ट बेस एन्ड्रुजमा रूससँगको कैदी आदानप्रदानमा स्वदेश फिर्ता भएका नागरिकसँगको भेटपछि पत्रकारसँग कुरा गर्दै अमेरिकी राष्ट्रपति बाइडेनले भने, 'उहाँहरू आउन निकै लामो समय लागेको छ । यो महसुस भएको छ ।'

शीतयुद्धपछिको सबैभन्दा ठूलो पूर्व-पश्चिम कैदी अदलाबदलीका क्रममा रूसले बिहीबार दुई दर्जन बन्दीलाई रिहा गरेको थियो । अमेरिकी रेजिडेन्सीमा कार्यरत क्रेमलिनका प्रखर आलोचक चौथो कैदी भ्लादिमिर कारामुर्जा पनि अलग्गै संयुक्त राज्य अमेरिका फर्किएका छन् । टर्कीको राजधानी अंकारास्थित विमानस्थलको टार्म्याकमा भएको नाटकीय आदानप्रदानमा रूसमा कैद गरिएका अमेरिकी र अन्य सहयोगी मुलुकका गरी कुल १६ जना र दुई नाबालकसहित कूल १० जना रूसी नागरिक रिहा भएका हुन् ।

'गठबन्धनले फरक पार्छ। उनीहरूले कदम चाले र हाम्रा लागि यो मौका दिए,' बाइडेनले जर्मनी, पोल्याण्ड, स्लोभेनिया, नर्वे र बेलारुसलाई पनि सामेल गर्ने सम्झौताबारे भने । बाइडेनले सन् २०२४ को राष्ट्रपतीय चुनावबाट नाम फिर्ता लिएपछि डेमोक्रचाटिक पार्टीका तर्फबाट राष्ट्रपति पदका सम्भावित उम्मेदवार हचारिसले 'असाधारण दिन' को घोषणा गरेकी थिइन् ।

रिहा गरिएका कैदी र उनीहरूका आफन्तहरू अब ब्रुक आर्मी मेडिकल सेन्टरमा स्वास्थ्य परीक्षण र आवश्यक पर्ने कुनै पनि हेरचाहका लागि टेक्सासको सान एन्टोनियो जाने अपेक्षा गरिएको अमेरिकी सञ्चारमाध्यमले जनाएका छन् । *रासस/एएफपी*

## भारतमा बाढीका कारण १३ जनाको मृत्यु

**देहरादून–** भारतमा मनसुनी वर्षाले निम्त्याएको आकस्मिक बाढीले १३ जनाको मृत्यु भएको अधिकारीहरूले शुक्रबार बताएका छन् । अधिकारीहरूले देहरादून क्षेत्रमा बाढीमा फसेका सयौं तिर्थयात्रीहरूको हेलिकप्टरको माध्यमबाट उद्धार गरिएको बताएका छन् ।

अस्वाभाकिक जलवायु परिवर्तनले मनसुनको समयमा विपद्का घटनाहरू बढाइरहेको विज्ञहरूले बताएका छन् । बाढीका कारण उत्तरी राज्य उत्तराखण्डमा समाचार तयार पार्दासम्म १३ जनाको मृत्यु भएको विपद् व्यवस्थापन अधिकारी विनोदकुमार सुमनले बताएका छन् ।

हिन्दू धर्मावलम्बीहरूको लोकप्रिय तीर्थस्थल केदारनाथ मन्दिरमा यात्रा गर्ने क्रममा रहेका करिब ७०० जना तिर्थयात्री बाढीबाट प्रभावित भएपछि हेलिकप्टरबाट उद्धार गरिएको स्थानीय अधिकारीहरूले बताएका छन् । प्रभावित तीर्थयात्रीहरूलाई सुरक्षित यात्रा गर्नका लागि हेलिकप्टरहरू प्रयोग गरिरहेको सुमनले बताए । *रासस/एएफपी*

## अफगानिस्तानसँगको पाकिस्तानी सिमाना तोरखाममा थप कडाइ

**इस्लामाबाद, पाकिस्तान–** सीमामा कार्यरत अधिकारीहरूले अफगान कार्गो ट्रक चालकसँग कागजातहरू माग्न थालेपछि तोरखाममा सञ्चालित पाकिस्तान-अफगानिस्तान सीमामा व्यापारिक गतिविधि स्थगित गरिएको पाकिस्तानस्थित द एक्सप्रेस ट्रिब्युनले जनाएको छ। यस निर्णयले तालिबान अधिकारीहरूले पाकिस्तानमा प्रवेश गर्ने सबै सवारी आवागमन स्थगित गरेको जनाएका छन् ।

यसअघि जनवरीमा पाकिस्तानी प्रशासनले भिसा तथा कागजातसम्बन्धी नियमहरू लागू गरेको भन्सार अधिकारीले बताएका छन् । ट्रिब्युनसँग कुरा गर्दै अधिकारीले छ महिनाका लागि तोकिएको अवधि सकिएपछि अफगान पक्षलाई बिहीबारदेखि पुनः नियम लागू गरिएको जानकारी दिएका छन् । उनका अनुसार भिसा र पासपोर्टविना दुई देशबीच थप यात्रा सम्भव हुने छैन । ट्रिब्युनको रिपोर्टअनुसार नियम लागू गरेपछि तालिबानले मालवाहक सवारीको आवागमनमा रोक लगाई अर्को आदेश जारी नभएसम्म तोरखामको व्यापारिक नाकालाई बन्द भएको घोषणा गरेको छ । पाकिस्तानी चालकलाई कागजातविना अफगानिस्तानमा प्रवेश गर्न अनुमति नदिइएको बताउँदै पाकिस्तानले व्यापारिक गतिविधि रोक्न बाध्य पारेको भन्दै सीमानाकामा आवागमन र कारोबार बन्द हुने जनाइएको छ । *रासस/एएनआई*



पाकिस्तानको दोस्रो ठूलो सहर लाहोरमा बिहीबार भारी वर्षाको बेला बाढीले भरिएको सडकमा हिँड्दै एक व्यक्ति । उक्त दिन लाहोर कीर्तिमानी वर्षाले जलमग्न भएको थियो । *तस्बिर: एएफपी*

## जापानको इतिहासमै जुलाईमा अधिकतम तापक्रम मापन



**टोकियो–** जापानमा १२६ वर्ष पहिले मौसम मापन सुरु भएदेखि यस वर्षको जुलाईमा अधिकतम तापक्रम मापन गरेको मौसम विभागले जनाएको छ। गत वर्ष जुलाईमा मापन गरिएको औसतभन्दा १.९१ डिग्री सेल्सियस बढी तापक्रमको रेकर्ड तोड्दै यस वर्ष देशको तापक्रम औसतभन्दा २.१६ डिग्री सेल्सियसले बढेको छ ।

जापान मौसम विज्ञान एजेन्सी (जेएमए) ले बिहीबार राष्ट्रव्यापी रूपमा तथ्यांक उल्लेखनीय रूपमा उच्च भएको उल्लेख गर्दै भनेको छ, 'सन् १८९८ मा तथ्यांक सुरु भएदेखि मापन भएको यो सबैभन्दा उच्च तापक्रम हो ।' जापानभरिका १५३ मौसम अवलोकन समीक्षामध्ये ६२ ले जुलाईमा आफ्नो औसत तापक्रमको रेकर्ड तोडेको हो ।

प्रशान्त महासागरको उच्च चाप र दक्षिणबाट आएको न्यानो हावा तापक्रम वृद्धि गर्ने मुख्य कारक रहेको जेएमएले बताएको छ । विपद् व्यवस्थापन एजेन्सीका अनुसार अप्रिलदेखि जापानमा अत्यधिक तापक्रमका कारण आउने स्वास्थ्य समस्या (हिटस्ट्रोक) का कारण ५९ जनाको मृत्यु भएको छ ।

अधिकारीहरूले 'अत्यन्त तातो' ठानेको ३५ डिग्री तापक्रमको रेकर्डलाई ब्रेक गर्दै गत महिना टोकियोको पश्चिम सिजुओका यस वर्ष ४० डिग्री सेल्सियस तापक्रम पुग्ने पहिलो जापानी क्षेत्र बनेको छ । यसैबीच, युरोपेली संघको जलवायु अनुगमनले इतिहासमै पृथ्वीमा रेकर्ड गरिएको सबैभन्दा तातो दिनहरू जुलाईमा अनुभव भएको बताएको छ । रासस/एएफपी

## गर्मीजन्य समस्याका कारण युरोपमा बर्सेनि सदरदर एक लाख ७५ हजारको मृत्यु : *डब्ल्युएचओ*

**कोपेनहेगन–** विश्वका अन्य देशहरूको तुलनामा तापक्रम तीव्र गतिमा बढिरहेको युरोपमा गर्मीका कारण बर्सेनि एक लाख ७५ हजारभन्दा बढी मानिसको मृत्यु हुने गरेको विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) को युरोपेली शाखाले बिहीबार जनाएको छ ।

डब्ल्युएचओले सन् २००० देखि २०१९ को बीचमा हरेक वर्ष गर्मीका कारण भएका चार लाख ८९ हजार मृत्युमध्ये युरोपेली क्षेत्रमा ३६ प्रतिशत अर्थात् औसतमा एक लाख ७६ हजार ४० जनाको मृत्यु हुने गरेको जनाएको छ । स्वास्थ्य निकायका अनुसार यस क्षेत्रको तापक्रम विश्वको औसत दरभन्दा झन्डै दोब्बरले बढिरहेको छ । डब्ल्युएचओको युरोपेली क्षेत्रमा ५३ देशहरू छन्, जसमा मध्य एसियाका केही देशहरू पनि समावेश छन्। डब्ल्युएचओका युरोप क्षेत्रीय निर्देशक हान्स क्लुजले भने, 'मानिसहरूले अन्तिम मूल्य चुकाइरहेका छन् ।'

डब्ल्युएचओका अनुसार विगत दुई दशकमा यस क्षेत्रमा गर्मीका कारण हुने मृत्युदरमा ३० प्रतिशतले वृद्धि भएको छ । क्लुजले भने, 'तापक्रमको चरम सीमाले मुटु, श्वासप्रश्वास, 'सेरेब्रो-भास्कुलर डिजिज', मानसिक स्वास्थ्य र मधुमेहसँग सम्बन्धित रोगलगायत दीर्घकालीन अवस्थालाई बढाउँछ ।'

अत्यधिक गर्मी विशेषगरी वृद्धवृद्धाका लागि समस्या र गर्भवती महिलाका लागि 'अतिरिक्त बोझ' हुनसक्ने उनले बताए । डब्ल्युएचओका अनुसार मानव शरीरले आफ्नो तापक्रम कायम राख्न नसकेपछि उत्पन्न हुने 'गर्मीको तनाव' यस क्षेत्रमा जलवायुसम्बन्धी मृत्युको प्रमुख कारण हो । विश्वव्यापी तापक्रम वृद्धिका कारण आगामी वर्षहरूमा गर्मीका कारण मृत्यु हुनेको संख्या बढ्ने डब्ल्युएचओले जनाएको छ ।

क्लुजका अनुसार सन् २०२० यता यस क्षेत्रका लागि सबैभन्दा तातो तीन वर्ष भएका छन् भने सन् २००७ पछि १० वर्ष अत्यधिक तातो वर्षका रूपमा रेकर्ड भएका छन् । गत जुलाई २५ मा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले मानव जाति 'अत्यधिक गर्मीको महामारी'बाट पीडित भएको चेतावनी दिँदै जलवायु परिवर्तनका कारण उत्पन्न गर्मीको लहरको प्रभावलाई सीमित गर्न कदम चाल्न आह्वान गरेका थिए । *रासस/एएफपी*

# स्मार्टफोनको प्रयोग ८० करोड भारतीयको गरिबी निवारणमा सहयोगी सिद्ध

**अमेरिका–** द्रुत विकासका लागि डिजिटाइजेसनको प्रयोगमा जोड दिँदै संयुक्त राष्ट्रसंघीय महासभाका ७८औं सत्रका अध्यक्ष डेनिस फ्रान्सिसले यस क्षेत्रमा भएको विकासले विगत पाँ-छ वर्षमा ८० करोड जनतालाई गरिबीबाट बाहिर निकाल्न सक्षम भारतको प्रशंसा गरेका छन् ।

उनले कसरी भारतका ग्रामीण क्षेत्रका मानिसहरूले स्मार्टफोनको माध्यमबाट भुक्तानी गर्न र बिलहरू तिर्न सक्षम भएको उदाहरण दिँदै यसले उनीहरूको समय र पैसासमेतलाई बचत गरेको बताए । फ्रान्सिसले संयुक्त राष्ट्रसंघको खाद्य र कृषि संगठन (एफएओ)ले आयोजना गरेको 'वर्तमान र भावी पुस्ताका लागि शून्य भोकतिर प्रगतिको गति' विषयक छलफल कार्यक्रममा भने, 'द्रुत विकासका आधारमध्ये डिजिटलाइजेसन एक हो । उदाहरणका लागि, भारतलाई हेर्नुहोस् । भारतले गत पाँच-सात वर्षमा केवल स्मार्टफोनको प्रयोग गरेर ८० करोड मानिसहरूलाई गरिबीबाट बाहिर निकाल्न सक्षम भएको छ ।' फ्रान्सिसले उच्च इन्टरनेट सेवाको विकासका कारण नै भारत ग्लोबल साउथका अन्य देशहरूको तुलनामा विकासोन्मुख रहेकोमा जोड दिए ।

'बैंकिङ प्रणालीसँग कहिल्यै सम्बन्ध नभएको भारतका ग्रामीण किसानहरू पनि आफ्ना सबै व्यवसायहरू स्मार्टफोनमार्फत लेनदेन गर्न सक्षम भएका छन् । भारतमा उच्चस्तरको इन्टरनेट पहुँचले ८० करोड मानिस गरिबीबाट मुक्त भएका छन् । डिजिटलाइजेसनको विकासको प्रारम्भिक चरणको रूपमा यस असमानतालाई सम्बोधन गर्न केही विश्वव्यापी पहल आवश्यक छ,' युएनजिएका अध्यक्षले भने । डिजिटाइजेसनको विकास प्रधानमन्त्री नरेन्द्र मोदी सरकारको प्रमुख लक्ष्यमध्ये एक रहेको छ । पछिल्लो दशकमा देशमा डिजिटल भुक्तानी लेनदेनमा द्रुत वृद्धि देखिएको छ ।

प्रधानमन्त्री मोदीले डिजिटाइजेसनलाई प्रोत्साहित गर्न 'जेएएम' पहल, जनधन, आधार र मोबाइल लागू गरेका छन् । यसअन्तर्गत मानिसहरूलाई आफ्नो बैंक खाता खोल्न प्रोत्साहित गरिएको छ र हरेक खातालाई आधार कार्डसँग लिंक गरिएको छ । यसले देशभरका मानिसहरूलाई विभिन्न सरकारी योजनाहरू र सामाजिक लाभभत्ता उनीहरूको खातामा सीधै पुग्न मद्दत गरेको छ। *रासस/एएनआई*

# ओलम्पिकमा कठिन वातावरणको सामना गर्दै इजरायल

**पेरिस–** इजरायलको ओलम्पिक टोलीले पेरिस खेलका क्रममा 'कठिन' वातावरणको सामना गरेको उनीहरूको प्रतिनिधिमण्डलका प्रमुखले बताएका छन् । इजरायलको इतिहासमा सबैभन्दा ठूलो (८८ सदस्यीय) टोलीले बिहीबार जुडोका पिटर पाल्चिक र इनबार लानिरमार्फत पहिलो पदक जितेको छ ।

बाँकी १० दिनमा थप दुई वा तीन पदक जित्ने आशा रहेको इजरायली ओलम्पिक कमिटीका अध्यक्ष येल अरादले बताए । अनलाइनमार्फत आउने मृत्युको चेतावनी, उत्पीडन, सामाजिक सञ्जालमार्फत चुहावट भएका व्यक्तिगत सूचना वा मानहानी साथै फुटबल खेलको क्रममा देखिएको इजरायलविरोधी जनमतले खेलमा ध्यान केन्द्रित गर्न गाह्रो भइरहेको इजरायली खेलाडीहरूले बताएका छन् ।




अरादले भने, 'हामीले हाम्रा खेलाडीलाई विशेष ढंगले तयार गरेका छौं । हामीले उनीहरूलाई दिएको मुख्य सन्देश यो हो कि हामी यहाँ प्रतिस्पर्धा गर्न र इजरायली भावना देखाउन आएका छौं ।' इजरायली सरकारले अनलाइन उत्पीडन र 'फिसिङ' आक्रमणको परिस्कृत अभियानका लागि इरान समर्थित समूहलाई आरोप लगाएको छ । 'यो साँच्चै कठिन अवस्था हो । सबैलाई थाहा छ हामी अक्टोबर ७ देखि नै शोकमा परेको राष्ट्र हौं,' इजरायलमा हमासले गरेको आक्रमणमा एक हजार १७० जनाको ज्यान गएको उल्लेख गर्दै अरादले भने ।

गत सप्ताहन्तमा गोलान हाइट्समा हेजबुल्लाहको रकेट आक्रमणले फुटबल खेलिरहेका १२ बालबालिकाको ज्यान लिएको घटनाले पनि टोलीलाई असर गरेको अरादले बताए । 'हाम्रा खेलाडीहरूले दुःख र समस्याको सामना गर्ने छन् र आशा र प्रेरणा घर लिएर जाने छन् भन्नेमा म विश्वस्त छु,' उनले भने ।

गाजामा जारी इजरायली आक्रमणले पेरिस ओलम्पिकमा विवाद निम्त्याएको हो। ओलम्पिक सुरु हुनुअघि नै प्यालेस्टिनी ओलम्पिक कमिटीले ओलम्पिकको धारणा उल्लंघन गरेको र ४०० प्यालेस्टिनी खेलाडी र खेलकुद व्यक्तित्त्वहरूको हत्या गरेकोमा इजरायललाई बहिष्कार गर्न माग गरेको थियो ।

इजरायली टोली वरपरको सुरक्षा असाधारणरूपमा कडा गरिएको छ । प्यालेस्टिनी उग्रवादी समूह 'ब्ल्याक सेप्टेम्बर'ले एथलिट गाउँमा इजरायली प्रतिस्पर्धीलाई आक्रमण गरी हत्या गरेपछि सन् १९७२ को खेलदेखि नै इजरायली टोलीहरूलाई कडा सुरक्षामा राखिने गरिएको इजरायलको इतिहासमा पहिलो ओलम्पिक पदक विजेता पूर्व जुडोका अरादले बताए ।

उनले भने, 'हामीलाई पेरिसको सुरक्षामा विश्वास छ । अनि मेरो भूमिका यी खेलाडीहरूलाई खेलकुदमा मात्र ध्यान केन्द्रित गर्ने अवसर दिनु हो ।' *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४९४०० | प्रति तोला - १३७४५० | प्रति तोला - १८०० |



**समृद्धिको आधार ऊर्जा** | स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) को प्रतिनिधि र प्रधानमन्त्री केपी शर्मा ओलीबीच भेटवार्ता । ऊर्जा क्षेत्रलाई समृद्धिको आधार मान्नुपर्ने व्यवयासीको माग । *तस्बिर: प्रधानमन्त्रीको सचिवालय*

## ‘बजेट विनियोजनमा कौशल नदेखिँदा कार्यान्वयन चुनौती’

■ प्रभाव संवाददाता

**काठमाडौं** – उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बजेट विनियोजनमा कुशलता नदेखिँदा कार्यान्वयन चुनौतीपूर्ण रहेको बताएका छन् । प्रतिनिधिसभा अन्तर्गतको अर्थ समितिको आजको बैठकमा अर्थमन्त्री पौडेलले स्रोत सुनिश्चितताबिनै बजेट विनियोजन भएको, प्रतिफल नहेरी जथाभावी बजेट हालिएको तथा बजेटको विनियोजनमा कुशलता नदेखिएको बताएका हुन् ।



चालु आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन गर्दा काम सुरु भइसकेका आयोजना चाँडो निर्माण सम्पन्न गर्ने, ठूला तथा गौरवका आयोजनालाई पर्याप्त स्रोत साधन उपलब्ध गराउने र चाँडो नतिजा दिने आयोजनालाई प्राथमिकतामा राखिने उनको भनाइ छ । ‘सीमित स्रोत साधनका बावजुद नतिजा विश्लेषण नगरी बजेट विनियोजन भएको छ । जसकारण बजेट कार्यान्वयन चुनौतीपूर्ण छ’, अर्थमन्त्री पौडेलले भने, ‘सुरु भइसकेका आइओजना सम्पन्न गर्ने, राष्ट्रिय महत्व तथा गौरवका आयोजना सम्पन्न गर्ने, नतिजा दिने आयोजना लाई प्राथमिकतामा राखेर स्रोत विनियोजन गर्नेगरी अघि बढेका छौँ ।’ उनले स्रोतको सीमितताका कारण सरकारलाई जथाभावी खर्च गर्ने छुट नरहेको उल्लेख गर्दै उनले खर्चमा अनुशासित हुने बताए ।

विकास साझेदार तथा दातृ निकायबाट सहयोग लिँदा त्यसको आवश्यकता र औचित्य हेरिने पनि अर्थमन्त्री पौडेलले स्पष्ट पारे । ‘अन्तर राष्ट्रिय सहयोग लिनुपर्छ तर, हाम्रो आवश्यकता र प्राथमिकता हेरेर मात्रै अन्तर्राष्ट्रिय सहयोग परिचालन गर्ने हो । लिएको सहयोग कहाँ र कसरी खर्च भएको छ भनेर पनि विश्लेषण गर्छौं’, अर्थमन्त्री पौडेलले भने ।

नेपालको कुल गार्हस्थ्य उत्पादनको तुलनामा ४० प्रतिशत नाघिसकेको सार्वजनिक ऋणको अवस्थालाई नियन्त्रण बाहिरको परिस्थिति भन्न नमिल्ने उनको भनाइ छ । यद्यपि, सार्वजनिक ऋणलाई उत्पादनमूलक क्षेत्र र पुँजी सिर्जना हुने क्षेत्रमा लगाउनुपर्नेमा उनले जोड दिए । मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन तथा दिगो आर्थिक वृद्धिदर हासिल गर्न सरकारको वित्त नीति र मौद्रिक नीतिबीच आवश्यक तामत्यता मिलाउँदै समन्वयकारी ढंगले अघि बढ्ने पनि उनले बताए ।

मौद्रिक नीति जारी गर्ने नेपाल राष्ट्र बैंक स्वायत्त निकाय भएकाले उसका काममा अर्थमन्त्रालयले हस्तक्षेप नगर्ने स्पष्ट पार्दै अर्थमन्त्री पौडेलले अर्थ मन्त्रालय र राष्ट्र बैंकले एकअर्काबीच समन्वयकारी रूपमा काम गर्ने बताए । चालु आर्थिक वर्षको मौद्रिक नीति जारीभएपछि पुँजीबजारमा सकारात्मक प्रभाव देखिएको भएपनि सुझबुझपूर्ण तरिकाले लगानी गर्न उनले आग्रह गरे । पुँजी बजारमा लगानी गर्दा सम्बन्धित कम्पनीको समग्र वित्तीय अवस्था हेरेर लगानी गर्नुपर्ने उनको भनाइ छ ।

शेयर बजारलाई परिपक्व ढङ्गले अघि बढ्नका लागि नियामक र अर्थ मन्त्रालयले भूमिका खेल्ने उनले बताए । ‘इन्साइडर ट्रेडिङ’जस्ता कुनैपनि अवाञ्छित गतिविधि पुँजी बजारमा हुन नदिन नियामक चनाखो हुनुपर्ने पनि अर्थमन्त्री पौडेलले बताए । त्यस्तै नयाँ स्टक एक्सचेन्ज खोल्नेबारे सरकारले आवस्यक अध्ययन गरेर उचित निर्णय गर्ने उनको भनाइ छ ।

अर्थसमिति बैठकमा पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले लोक रिझाईका लागि जथाभावी खर्च गर्ने छुट सरकारलाई नरहेको बताए । ‘तथाकथित पपुलिस्ट हुने छुट हामीसँग छैन । सार्वजनिक खर्च व्यवस्थापनलाई अनुशासनमा लानै पर्छ’, डा महतले भने, ‘यसअघि रु तीन करोडभन्दा कम लागतका आयोजनामा संघ सरकारले बजेट विनियोजन नगर्ने भनेर कार्यविधि बनेको थियो । तर त्यसको कार्यान्वयन भएको देखिएन । स्रोतको विश्लेषण नगरीकनै जथाभावी आयोजनामा बजेट हालिएको छ । यो प्रवृत्तिमा सुधार आवश्यक छ ।’ अर्थतन्त्र सुधारका लागि पुँजीगत खर्च बढाउनुको विकल्प नपरेको धारणा महतले राखे ।

त्यस्तै, राष्ट्र बैंकले मौद्रिक नीतिमा कुनै समय अत्यधिक लचिलो व्यवस्था ल्याउने र कुनै समय अत्यधिक कडाई गर्ने गरेका कारण त्यसको नकारात्मक प्रभाव देखिएको बताए । राष्ट्र बैंकले सुझबुझपूर्ण ढंगले मौद्रिक नीति ल्याउनुपर्ने र सरको वित्त नीति पनि प्रभावकारी हुनुपर्नेमा उनले जोड दिए । अर्थ समितिको बैठकमा अन्य सांसदले समितिमा पुगेका विधेयक चाँडो छलफल भएर संसद्मा पठाइनुपर्ने धारणा राखे । त्यस्तै, सरकारले वार्षिक बजेटमा राखेका कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा सांसदको जोड छ ।

## ‘लगानीकर्ताको हितमा सेबोन प्रतिबद्ध’

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल धितोपत्र बोर्ड (सेबोन)का कार्यकारी निर्देशक नवराज अधिकारीले मुलुकको आर्थिक उन्नयनमा सघाउन पुँजी बजारको महत्वपूर्ण भूमिका हुने बताउँदै धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरूको हित संरक्षण गर्न आफू प्रतिबद्ध रहेको बताएका छन् ।

निम्ब एस क्यापिटल लिमिटेडको १२ वार्षिकोत्सवका अवसरमा उनले धितोपत्रको निष्काशन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिका कामलाई नियमित तथा व्यवस्थित गर्नका साथै वित्त व्यवस्थापन कम्पनीका समस्या समाधान गर्न सेबोन प्रतिबद्ध रहेको बताए ।

गत साता नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको मौद्रिक नीतिले पनि पुँजी बजारलाई गतिशील तुल्याउने नीति अङ्गीकार गरेको बताउँदै उनले संस्थागत शेयर धितो कर्जामा अधिकतम सीमा खारेज हुन सकारात्मक हो भने । संस्थागत शेयर धितो कर्जामा हाल कायम २० करोडको सीमा खारेज भएको छभने शेयर कर्जामा व्यक्तिलाई १५ करोडको सीमा तोकिएको छ ।

पूर्वमुख्यसचिव विमल कोइरालाले लगानीकर्तालाई लाभांश दिने, उनीहरूको विश्वास जित्ने, बजार विस्तार गर्नेतर्फ लाग्नुपर्ने सुझाव दिए । उनले धितोपत्र कारोबार प्रणालीलाई सुरक्षित र भरपर्दो बनाउनुपर्नेमा जोड दिए ।

निम्ब एस क्यापिटलका अध्यक्ष सचिन टिवडेवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा आयोजक संस्थाका प्रमुख कार्यकारी अधिकृत शिवान्तबहादुर पाँडेले पूँजीबजारमा लगानी गर्ने मुख्य उद्देश्यले स्थापना भएका संस्थागत लगानीकर्ताहरू देशको आर्थिक विकासका निम्ति क्रियाशील रहेका बताउँदै धितोपत्र बजार स्वस्थ, पारदर्शी, भरपर्दो, प्रतिस्पर्धी एवं लगानीकर्तामैत्री बन्नुपर्ने विचार व्यक्त गरे । देशको आर्थिक तथा सामाजिक विकासका लागि सार्वजनिक निष्काशनमार्फत पुँजी परिचालनलाई आफूले जोड दिएको बताउँदै उनले गुणस्तरीय वित्तीय सेवा प्रवाह गर्दै राष्ट्रको समृद्धिमा योगदान गर्नु आफू नेतृत्वको संस्थाको उद्देश्य हो भने ।

छ जनाबाट प्रारम्भ गरिएको संस्थामा हाल एक सय ३० जना कार्यरत रहेका जानकारी दिँदै प्रमुख कार्यकारी अधिकृत पाँडेले दुईसयभन्दा अधिक लगानीकर्ता संलग्न कम्पनीको पुँजी दश अर्ब पुगेको बताए । आफ्नो संस्थाले स्वच्छ ऊर्जा, सूचना प्रविधि, सेवा, उत्पादन, कृषि, शिक्षा, औषधि उत्पादन र घरजग्गा कारोबारमा लगानी गरेको जानकारी दिए ।

## साना उद्योगको नयाँ दर्ता घट्यो

मधेश प्रदेश सरकार
उद्योग,पर्यटन तथा वन मन्त्रालय
उद्योग विभाग
घरेलु तथा साना उद्योग कार्यालय
वीरगंज, पर्सा (नेपाल)

**वीरगञ्ज (पर्सा)** – पर्सामा विगत तीन वर्षयता घरेलु तथा साना उद्योग खोल्ने क्रम निरन्तर घट्दै आइरहेको छ । आर्थिक मन्दी र लगानीमैत्री वातारण नहुँदा पछिल्लो तीन वर्षमा नयाँ उद्योग खोल्ने क्रम घटिरहेको देखिन्छ ।

गत आर्थिक वर्षमा आठ सय ९७ घरेलु तथा साना उद्योग नयाँ थपिएका छन् । जबकि आव २०७९/८० मा भने यहाँ एक हजार ८९ वटा उद्योग दर्ता भएका थिए । त्यस्तै, आव २०७८/७९ मा भने एक हजार चार सय ८८ वटा उद्योग दर्ता भएका थिए । घरेलु तथा साना उद्योग कार्यालय पर्साका प्रमुख उद्योग अधिकृत धनञ्जयकुमार सिंहले अघिल्लो आवको तुलनामा चालु आवमा नयाँ उद्योग दर्ता हुनेको सङ्ख्यामा केही कमी आएको बताए ।

‘गत आर्थिक वर्षमा बैङ्कमा तरलता धेरै बढ्यो तर कुनै पनि उद्योगी/व्यवसायीले नयाँ उद्योग सञ्चालनका लागि आवश्यक कर्जा भने लिन सकिरहेका छैनन् । जसले गर्दा पनि नयाँ साना तथा घरेलु उद्योग दर्तामा प्रत्यक्ष असर देखियो,’ उनले भने, ‘समग्र मुलुकभरिकै अर्थतन्त्रमा शिथिलता र लगानीमैत्री वातावरण नहुँदा पनि धेरै उद्योग थपिएका छैनन् ।’

**बाढीपहिरोबाट जोगिऔं**

**जथाभावी सडक निर्माण र वनविनाशले बाढीपहिरो निम्त्याउने हुँदा:**

- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रूख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका बिरूवा रोपौं र संरक्षण गरौं ।
- बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

**बाढी पहिरोबाट आफू पनि बचौं, अरूलाई बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**अत्यन्त जरूरी सूचना**

यस पब्लिकेसनबाट प्रकाशित प्रभाव राष्ट्रिय दैनिक पत्रिकाको दररेट पेस गर्ने विज्ञापन एजेन्सीहरूले यस पब्लिकेसनको अनुमति तथा स्वीकृति बिना नै दररेट पेस गर्ने गरेको र कतिपय स्थानमा यस संस्थाको अनुमतिबेगर नै टेन्डर बिड गरी स्वीकृतिसमेत भएको जानकारी प्राप्त हुन आएकोले यो सूचना प्रकाशित गरिएको छ । टेन्डरको सूचना जारी गर्दा तथा बिड गर्दा यस संस्थाले निर्धारण गरेको दररेटसहितको आधिकारिक पत्र प्राप्त एजेन्सीको मात्र टेन्डर प्रतिस्पर्धामा सहभागी गराउन र आधिकारिक पत्र प्राप्त एजेन्सीलाई मात्र बिड प्रक्रियामा सहभागी गराउनुहुन सबै विज्ञापनदातामा हार्दिक अनुरोध गर्दछौं ।

आधिकारिक पत्र बेगरका विज्ञापन एजेन्सीले पेस गरेको टेन्डर स्वीकृत नगर्न र नगराउनु हुन अनुरोध गर्दै उपरोक्त बमोजिम नगर्ने र नगराउने विज्ञापनदाता तथा विज्ञापन एजेन्सीका सूचना तथा विज्ञापन प्रकाशन गर्न यस संस्था असमर्थ हुने व्यहोरासमेत सम्बन्धित सबैलाई जानकारी गराउन चाहन्छौं । साथै आधिकारिक पत्र प्राप्त विज्ञापन एजेन्सीहरूलाई यस पब्लिकेसनमा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गर्दछौं ।

**प्रभाव दैनिक प्रा.लि.**
सिफल-७, काठमाडौं
टेलिफोन: ९७७-०१-४३७३५७७, ४५८४३६८, मोबाइल: ९७६१८१५४००
Email: marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागि::arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ